प्रधान सम्पादक
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

सम्पादन सहयोगी
**भिक्षुणी शुभवती**

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ५३७७

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५६
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०६९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**25th APRIL 2013**

| वर्ष- ३० | अङ्क- १३ | ल्हुति पुन्हि | बैशाख २०७० |
|---|---|---|---|




दोषारोपण गर्ने विचारले सधैं अर्काको दोष मात्र देखिरहने व्यक्तिको चित्तमल बढ्ने गर्छ। उ चित्तमल क्षय हुने मार्गबाट वञ्चित हुनेछ।

हिंसक, असत्यवादी, चोरीकाम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यही लोकमा आफ्नो उन्नतिको जड् उखेल्दछ।

खराब काम नगर्नु नै बेश, खराब काम गर्दा पछुतो हुन्छ, राम्रो काम गर्नु नै बेस, जुन काम गर्नाले पछि ताप हुँदैन।

जुहि फूलको बोटले वइलाएको फूल सबै खसाले जस्तै तिमीहरूले पनि राग द्वेष (दूषित चित्त) लाई फ्याँक्नु पर्दछ।

अरूलाई दु:ख दिएर आफूले सुख भोगन गर्ने व्यक्ति द्वेषको जञ्जालमा फसेर कहिले पनि द्वेषबाट मुक्त हुन सक्तैन।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# असल ज्ञान बृद्धि गर्ने उपाय

आफ्नो र अरूको हीतोपकार हुने कार्यलाई असल कार्य भनिन्छ। आफ्नो र अरूको हीत हुने कुरालाई असल कुरा भनिन्छ। आफ्नो र अरूको हीतहुने योजनालाई असल योजना भनिन्छ । जसले आफ्नो र अरूको हीतोपकार सोचेर शरीर बचन र मनले कर्म रोप्ने गर्छ, उसलाई असल मानिस भनिन्छ । असल मानिस बन्नको लागि असल ज्ञानको आवश्यकता पर्दछ । असल ज्ञानले नै समाजमा मानिसको प्रतिस्था एवं महत्व बढ्ने गर्छ। त्यसैले असल ज्ञान सहितको मानिसको जीवन सफल हुने गर्छ यस प्रकारको ज्ञान प्राप्त गर्नको लागि हामीले होशियारी पूर्वक मिहिनेत गर्नुपर्दछ। भगवान बुद्ध भन्नुहन्छ–

**"पभस्सरमिदं भिक्खवे चित्तं तं च खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं"**

अर्थात् "मानिसले जन्म लिने अवस्थामा उसको चित्त शुद्ध र ज्ञानयुक्त हुन्छ । तर समाजको अपवित्र र दूषित वातावरणले गर्दा त्यही चित्त धमिलो र दूषित बन्न पुग्छ।"

– *अंगुत्तर निकाय*

यस बुद्ध वचनलाई अध्ययन गरेर हेर्दा थाहा हुन आउँछ, समाजमा बस्ने हामी जस्ता सामाजिक प्राणीले समाजमा रहेका दूषित वातावरणलाई होशियारीपूर्वक चिनेर पन्छाउन सकेमा हामीले हाम्रो मनलाई पवित्र बनाइराख्न सक्नेछौं। यसको लागि हामी सचेत र सजग रहन अति आवश्यक छ।

यसरी नै भगवान् बुद्धले फेरि भन्नुहन्छ –

**"पञ्ञा नरानं रतनं"** – संयुक्त निकाय।

अर्थात् प्रज्ञा (ज्ञान) नै मानिसको लागि रत्न हो।

माथि उल्लेखित बुद्ध वचनले प्रज्ञा अर्थात् ज्ञानलाई बहुमूल्य रत्नको उपमा दिइराखेको छ । गरगहनारूपी रत्नले शरीरलाई शोभा दिने कार्य गर्छ। तर प्रज्ञा (ज्ञानले) मानिसको असल चरित्र र असल व्यवहार रूपी शोभा प्रदान गरिराखेको हुन्छ। राम्रो चरित्र सहितको मानिसको प्रभावकारी व्यक्तित्वले इहलोक र परलोक सुधार्ने कार्य गरिरहेको हुन्छ । यस्तो व्यक्तिको खाँचो हरेक समयमा हरेक स्थानमा भइरहेको हुन्छ। यस्तो व्यक्तिले शान्ति र शीतलता प्रदान गरिरहेको हुन्छ । ज्ञानी व्यक्ति अरूको लागि बाधा बन्दैन बस् उसले अरूको अगाडि आइपरेका बाधा अड्चन हराइदिन सहयोग गर्दछ । त्यसैले हरेक क्षणको खिचलो अवस्थालाई हटाउन यस्ता प्रभावकारी गुणिलो व्यक्तित्वको आवश्यकता परिरहेको हुन्छ । त्यसकारण प्रज्ञा ज्ञान मानिसको लागि रत्न जस्तै बहुमूल्य ठहरिन आउँछ।

अब यस्तो बहुमूल्य रत्न आर्जन गर्नको लागि के कस्ता उपाय अपनाउनु पर्दो रहेछ त भन्ने विषयमा एकपटक ध्यान दिऔं।

ज्ञानगुणले सम्पन्न आचार्यहरूको भनाईनुसार मानिसले ज्ञान वृद्धि गर्नको लागि निम्न लिखित उपायहरू अपनाउन सकिन्छ,–

शील्प शास्त्र, धर्म शास्त्र, सँस्कृति आदि विभिन्न विद्याहरू अध्ययन गर्ने।

देश विदेश भ्रमण गर्ने, तीर्थयात्रा गर्ने, रेडियो सुन्ने टि.भि.मा देखाइने सुधारत्मक सामाजिक घटनाहरू हेर्ने, अखवार पढ्ने आदि आदि। भगवान बुद्धले भन्नुभएको छ–

**"कालेन धम्म सवणं, कालेन धम्म साकच्छा एतं मंगल मुत्तमं"**

अर्थात् ज्ञान वृद्धि गर्नको लागि हामीले समय समयमा असल विद्वान वर्गहरूको तर्फबाट धर्म ज्ञान सम्बन्धी प्रवचन सुन्ने र धर्म ज्ञान विषयमा छलफल गर्न अत्यावश्यक छ।

आजभोलि बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने बालबालिकाहरूले बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएनुसार पञ्चशील र अन्य विभिन्न नैतिक शिक्षालाई जानेका छन्। उक्त असल शिक्षालाई आ-आफ्नो आचरणमा प्रयोग गर्न सकेका ती बालबालिकाहरूको कर्त्तव्यपरायण युक्त शील स्वभाव र सभ्य व्यवहार देखेर सबभन्दा पहिला ती बालबालिकाका माता पिता सन्तुष्ट र हर्षित देखिन्छन्। राम्रो संगत र राम्रो शिक्षा अध्ययन गरेको कारणले प्राप्त भएको नतिजा हो यो। आमा बुबाहरूको राम्रो र नराम्रो व्यवहारले पनि छोराछोरीहरू प्रति ठूलो प्रभाव पारिरहेको हुन्छ । त्यसैले आफ्नो छोराछोरीलाई राम्रो शिक्षा र ज्ञान दिलाउन पहिला आमा बुबाहरू असल चरित्र सहितको व्यक्ति बन्न अत्यावश्यक छ। पश्चिमी मुलुकको देखासिकीले नकारात्मक प्रभाव पारिराखेको हाम्रो देशमा बुद्धले सिकाउनु भएको नैतिक शिक्षाले युक्त कर्त्तव्याकर्त्तव्य शिक्षा सिक्न अत्यावश्यक भइसकेको छ। जुन शिक्षाले भौतिक सुखसुविधा भन्दा माथिल्लो तहको मानसिक सन्तुष्टी प्राप्त हुने भाग्य प्रदान गर्दछ। त्यसैले भगवान् बुद्धले भन्नु भए जस्तै समय समयमा धर्म विषयमा अध्ययन र छलफल गर्नको लागि आमा बुबा देखि छोराछोरी समेतले बुद्ध शिक्षा अध्ययन गरी प्रज्ञा ज्ञान आर्जन गर्न सिकौं। यही हामी सबैको लागि कल्याणार्थ हुनेछ।



Downloaded from http://www.dhamma.digital

# मैत्री भावना

✍ **सत्यनारायण गोयन्का**

शान्त पूर्वक रहनु सरल छ, क्रोध-कोप विहीन रहनु बडो सरल छ, संधैं मुस्कुराई रहनु बडो सरल छ। जबसम्म आफ्नो जीवन-धारा एक मधुमय संगीत झैं सधैं इच्छा अनुकूल चल्दैरहन्छ, आफूले चाहेको जस्तो भईरहेको हुन्छ, आफ्ना मनोकामनाहरू सहज-सरल रूपले पुरा भईरहेको हुन्छ अथवा चारैतर्फ बसन्त नै बसन्त छ, हरियाली नै हरियाली छ कहीं कतै पतझड छैन भने यी सबै सरल हुन्छन्। तर साँच्चैको साधक त त्यो हो जस्ले विपरीत अवस्थामा पनि आफ्नो मनको समता बनाईराख्छ। जब जीवनमा आफूले चाहेको जस्तो हुँदैन जब जीवन मार्गमा ऊकालो-ओरालो हुन्छ, चारै तर्फ पतझड-काँडा हुन्छन्, हरियालीको नामोनिशान हुँदैन, जस्ले पनि कटुताको व्यवहार गर्दछ, विनाकारण नै कसैले अपमान गर्छ, सारा घटना नचाहेको जस्तो घट्छ, आफूले चाहेको जस्तो हुँदैन यस्तो अवस्थामा पनि मनमा अलिकति पनि द्वेष-द्रोह जागेन, कोप-क्रोध जागेन भने ऊ साँच्चीकै साधक कहलिन्छ। आफूले नचाहेको घटनाबाट पनि निष्प्रभावित भएर शान्त चित्तले, करुणा र मैत्रीको अगाध जलाशय झैं सौमनस्यता लहराउँदै रहेको हुनुपर्छ। बाहिरको प्रतिकूल परिस्थितिबाट अलिकति पनि विचलित नहोस्। अलिकति पनि दौर्मनस्य नजागोस्। तब नै सही अर्थमा परिपक्व विपश्यी साधक हुन्छ। यस अवस्था सम्म पुग्नका लागि हामी सधैं प्रयत्नशील रहनु पर्छ।

भगवानले भिक्षुहरूलाई यही कुरा बुझाउनु हुँदै एउटा उदाहरण भन्नु भयो। पहिला श्रावस्ती नगरमा एकजना गृहिणी थिइन् उनको नाम वैदेहिका थियो। उनी अत्यन्त सौम्य-शान्त स्वभाव भएको कारण लोक-प्रसिद्ध थिइन्। उनीसँग झगडा गर्ने-रिसाउने बानी थिएन। गाली गर्ने-कटु बचन बोल्ने उनको बानी नै थिएन। उनकी एकजना नोकरनी थिइन्, उनको नाम काली थियो। उनी अत्यन्त परिश्रमी, सेवा-भावी, हँसिलो मुहारकी थिइन् विनम्र र विनीत उनको स्वभाव थियो। मालिक्नी उठ्नु अघि उठेर घरको सम्पूर्ण कामहरू समयमा नै कुशलतापूर्वक सकाउँथी। मालिक्नीले केही भन्नै पर्दैन थियो; गाली गर्ने, काम अऱ्हाउने मौका नै पाउँदैनथ्यो। घर सधैं सफा, सुकिलो, सजिएको हुन्थ्यो। मीठो मनपर्ने भोजन समयमा नै तयार गर्थी। घरमा कोही पाहुना आए पनि उनको लागि आवश्यक सम्पूर्ण तजविज भन्नै नपर्ने गरि गर्दथिन्। सबै कुरा आफूले चाहेको जस्तो हुन्थ्यो। चारैतिर खुसी नै खुसी छाएको थियो। यी सबै त्यस दासीको कारणले थियो। मालिक्नीको मुहार सधैँ हँसिलो हुन्थ्यो।

मालिक्नीको सौम्य स्वभाव काली दिनहुँ देख्दथी। बाहिर पनि उनको चर्चा सुन्न पाउँथिन्। एकपटक उसको मनमा आफ्नो मालिक्नीको जाँच लिने सोचाई आयो, के उनी साँच्चिकै सौम्य स्वभाव भएकी हुन् अथवा कालीको निर्दोष सेवाको कारणले मात्र यस्तो भएको हो।

भोलिपल्ट काली अलि अबेर उठी घरको दैनिक कार्य समयमा नै सिध्याउन सकेन। मालिक्नीलाई नराम्रो लाग्यो। अर्को दिन त्यो भन्दा पनि ढिलो उठी, मालिक्नीलाई मनपरेन। मालिक्नीले रिसाउँदै कालीलाई गाली गरिन्। तेस्रो दिन झन अबेर उठी। अब त मालिक्नीले सहन सकेन। झन-झन रिसाई, रिस गालीसम्म मात्र सिमित रहेन। उनी क्रोधित भई र सँगै रहेको लौरोले कालीको टाउको फोडिदिई। कालीको टाउकोबाट रगत बग्न थाल्यो। मालिक्नीको सौम्य स्वभावको पोल खुल्यो। आफूलाई मन नपरेको कुराको प्रति क्रोध गर्ने दूषित स्वभाव मनको जरासम्म बडो मजबूत भएर दृढ पूर्वक रहेको हुन्छ। परन्तु मनले चाहेको भएमा माथिल्लो-माथिल्लो तहमा प्रसन्नताले ढाकेर राखेको हुन्छ। स्वभाव त भित्रको बदल्नु पर्छ। अनचाही कुरा हुँदा पनि मन कुपित नभईकन शान्त-सुमन पूर्वक कसरी राख्ने भनेर सिक्नुपर्छ।

त्यस समयमा एकजनालाई भिक्षुणी संघको प्रति आवश्यक भन्दा पनि ज्यादै चासो थियो। भिक्षुणीहरूको विरोधमा यदि कसैले एक शब्द बोल्यो भने पनि उनी चिड् चिडाउँथे। त्यसैलाई लक्ष्य गरेर भगवानले त्यस समय साँचो र सहिष्णुताले भरेको मैत्रीको गहिरो र सारगर्भित उपदेश दिनुभयो। भगवानले बुझाउनु भयो– "भिक्षुहरू, कसैले तिमीसँग समयानुकूल भनोस् अथवा प्रतिकूल, साँचो बोलोस् अथवा झूठो, स्नेह पूर्वक नरम बोली बोलोस् अथवा कर्कश-कटु, सार्थक बोलोस् अथवा निरर्थक, मैत्रीपूर्ण चित्तले भन अथवा द्रोहपूर्ण चित्तले, तिमीले त सधैँ जुनसुकै अवस्था पनि चित्तलाई विकार विमुक्त बनाई राख्नु पर्छ। तिम्रो मुखबाट बिर्सेर पनि कुनै दुर्वचन निक्लन नपाओस्। चित्त सधैं मैत्रीभावले भरिएको हुनुपर्छ। अलिकति पनि द्वेष र



Downloaded from http://www.dhamma.digital

दुर्भावना नआओस् बरु त्यसै व्यक्तिलाई आलम्बन बनाएर आफ्नो मंगल-मैत्रीलाई अपरिमित बनाउने अभ्यासको आरम्भ गर । यस प्रकार तिमी त्यस व्यक्तिलाई आफ्नो कल्याणको भागिदार समझ ।

ती गृहत्यागी निर्वानोन्मुख भिक्षुहरूलाई भगवानले उपमा दिनुहुँदै बुझाउनु भयो ।

– कोही अज्ञानी मानिस हातमा कूटो बोकेर भन्छ कि म यस महापृथ्वीलाई खनेर समाप्त गरिदिन्छु ।
– कोही अज्ञानी मानिस बेसार अथवा कुनै पहेंलो रङ्ग लिएर भन्छ कि म सारा आकाशलाई यस रंगले रंगाइदिन्छु ।
– कोही अज्ञानी मानिस झाडपात जम्मा गरेर भन्छ कि यसलाई बालेर म समुद्रको सारा पानी तताईदिन्छु ।
– कोही अज्ञानी बिरालोको शरीरको नरम रौंलाई कुनै कडा लठ्ठीले रगडेर भन्छ कि म यी रौंलाई लठ्ठी झैं बनाई दिन्छु ।

यी सबैजना असफल नै हुनेछन् । यस्तै प्रकारले यदि कसैले तिम्रो समता भङ्ग गर्न चाहन्छ, तिमीलाई क्रोधि बनाउन चाहन्छ भने लाख प्रयत्न गरे तापनि यदि तिम्रो मैत्री बल सबल छ भने ऊ असफल नै हुनेछ ।

पृथ्वी महान छ । कसैले कूटोले खन्दैमा यो नष्ट हुने खालको छैन । आकाश अनन्त छ कसैले रंगले रंगाउन सक्दैन । समुद्र विशाल छ कसैले झाडपात बालेर तताउन सक्ने छैन । बिरालोको रौं अत्यन्त कोमल हुन्छ कुनै लठ्ठीले रगडेर त्यसलाई कडा बनाउन सक्दैन ।

यस्तै प्रकारले यदि कोही भिक्षुको मैत्री अनन्त छ, अपरिमित छ भने कसैको सीमित प्रयत्नबाट त्यसलाई नष्ट गर्न सक्दैन, यो उस्को स्वभाव हुन जान्छ । अतः भिक्षुहरूले आफ्नो मैत्री बल अपरिमित बनाउनु पर्दछ । यदि कोही दुष्ट दुर्जन दुईजना व्यक्तिले तरवार लिएर भिक्षुको शरीरको कुनै अंग काटे पनि उनीहरूको प्रति द्वेष भाव नआवोस् । मैत्री भाव नै आऊन् । तब नै भगवानको शिक्षा पालन गर्न सफल भएको हुन्छ । अतः आफ्नो मैत्री-बल अपरिमित गर्नुपर्छ ।

अनेकौं भिक्षुहरू भगवानको आदेशलाई स्वीकार गरेर गम्भीरता पूर्वक पालन गर्दथे । एक समय भगवानले उदाहरण दिनु हुँदै भन्नु भयो कि भिक्षुहरूका लागि एकासन भोजन अर्थात चौबीस घण्टामा एक पटकमात्र भोजन सेवन गर्नु राम्रो हुन्छ । यसबाट उनीहरूको स्वास्थ्य ठिक हुन्छ । उनीहरू निरोगी रहन्छन् । उनीहरूको स्फूर्ति र बल बढ्छ र शारीरिक सुखमा पनि बृद्धि हुन्छ । यसलाई सुनेर अनेकौं भिक्षुहरू एकासन भोजन सेवन गर्दथे । यहाँ यी भिक्षु-विनयको नियम अनुसार केवल विकाल भोजन अर्थात मध्यान्ह समय उपरान्त भोजन नगर्नु नै पर्याप्त छ ।

यसरी आफ्नो मैत्री सबल गर्न त्यस्को विकास गर्न अनेकौं भिक्षुहरू लागि परेका थिए । ती मध्येको एउटा उत्कृष्ट उदाहरण–

सूनापरांतको सुप्पारक पत्तन (वन्दरगाह) का निवासी, 'पूर्ण' नामको एकजना व्यापारी व्यवसाय गर्न श्रावस्ती गएका थिए । त्यहाँ भगवानको सम्पर्कमा आए अर्थात धर्मको सम्पर्कमा आए । गृहस्थी प्रति वैराग्य जाग्यो र त्यहीं प्रव्रजित भए र भिक्षु संघमा सम्मिलित भए । भगवानको उपदेशलाई दृढतापूर्वक पालना गर्दथे । केही समय अभ्यास गरे पछि स्वदेशमा फर्कने मन भयो र भगवानसँग आज्ञा लिन गए ।

भगवानले सोध्नु भयो– "सूनापरांत जनपदका मानिसहरू एकदम कठोर स्वभावका छन् । चण्ड स्वभावका छन् । उनीहरू तिमी देखि रिसाउनेछन् । तिमीलाई कडा बोली बोलेर आक्रोश प्रकट गर्नेछन् तब तिमीलाई कस्तो होला, पूर्ण ?"

"मलाई राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि सूनापरान्तका निवासीहरू भलादमी छन्, सुभद्र छन् । मसँग रिसाएर केवल केही शब्द कटु वचन मात्र बोलेर आक्रोश प्रकट गरे, मलाई हातले त पिटेनन् ।"

- "यदि उनीहरूले तिमीलाई पिट्यो भने कस्तो लाग्नेछ, पूर्ण ?"

- "राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन् । कति भलादमी छन् । केवल हातले मात्र पिटे, ढुङ्गा-मूढाले त हिर्काएनन् ।"

- "यदि उनीहरूले तिमीलाई ढुङ्गा-मूढाले हिर्काए भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ?"

- "मलाई राम्रै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव आउने छ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन् । यिनीहरूले मलाई केवल ढुङ्गाले मात्रै हाने डण्डीले त हिर्काएनन् । यिनीहरू साँच्चीकै असल छन् ।"

- "यदि डण्डीले हिर्काए भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ।"



Downloaded from http://www.dhamma.digital

- "राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति भद्र छन्, सुभद्र छन्, कति असल छन्। केवल डण्डीले त हिर्काए। कुनै शस्त्रले त मारेनन्। साँच्चीकै यिनीहरू असल छन्।"

- "यदि उनीहरूले हतियार आदिले हान्यो भने तिमीलाई कस्तो लाग्ला, पूर्ण ?"

- "राम्रो नै लाग्नेछ, भगवान ! मेरो मनमा यही भाव आउनेछ कि यिनीहरू कति असल छन्, भद्र छन्। सामान्य हतियारले हानेर मलाई घाईते मात्र बनाए। कुनै धारिलो हतियारले हानेर मेरो ज्यान त लिएन।"

- "यदि उनीहरूले धारिलो हतियारले हानेर तिमीलाई मार्‍यो भने तिमीलाई कस्तो लाग्छ, पूर्ण ?"

- "राम्रो नै लाग्नेछ, भगवान् ! मेरो मनमा यही भाव जाग्नेछ कि यिनीहरू कति असल छन्, भद्र-भलादमी छन्। केही मानिसहरू यस्ता हुन्छन् जो अति दुःखमय जीवन जिउँदछ र त्यसबाट मुक्ति पाउनका लागि कोही शस्त्रधारी प्राणघातकलाई खोज्दै हिँड्छन्। ओहो ! मलाई त नखोजी कुनै यस्ता शस्त्रधारी प्राणघातक भेट्टीयो। यहाँका मानिसहरू कति भद्र छन्।"

"साधु ! साधु !! साधु !!!" भगवानले साधुकार दिंदै भन्नु भयो– "पूर्ण ! तिमी यस्तो धर्ममय चित्तले आफ्नो मातृभूमिमा सफलतापूर्वक निवास गर्न सक्छौ र धर्मसेवा गर्न सक्छौ।"

यसरी भगवानको आशीर्वाद लिएर भिक्षु पूर्ण स्वदेश फर्किए र आफूले भगवानसँग सिकेको साधना-विधि अनुसार अभ्यास गरेर पहिलो वर्षावासमा नै उसले अर्हन्त अवस्था प्राप्त गरे। पहिलो वर्षावासमा नै त्यस प्रदेशका एक हजार मानिसहरूलाई शुद्ध धर्ममा प्रतिष्ठापित गरे। त्यसपछि त्यसको संख्या दिन प्रतिदिन बढ्दै गयो। अनेकौं मानिसहरूलाई धर्म प्राप्त भयो।

भगवानले सिकाउनु भए अनुसार काम गरेर असीम मैत्री-बलले भिक्षु पूर्णले त्यस प्रदेशमा जुन शुद्ध धर्मको बीऊ रोपे त्यो कालान्तरमा खूब फैलियो, खूब फुल्यो र फल्यो।

आजको महाराष्ट्रको उत्तरी तथा पूर्वी प्रदेशमा अरहन्त पूर्णको धर्म सेवाको कारण शुद्ध धर्मको पवित्र गङ्गा प्रवाहित भएको छ। कठोर स्वभाव भएका मानिसहरू मैत्री-बलको कारण मृदुल स्वभावमा परिवर्तन भए। यस प्रदेशमा विशाल चट्टानलाई काटेर ध्यान गर्न बनाएका गुफाहरूले अरहन्त पूर्ण र उनका शिष्य-प्रशिष्यहरूको अपूर्व सफलताका बारेमा आजसम्म पनि सम्झना दिलाउँदछन्। त्यहाँको पावन गुफाका लहरहरूले उनको गौरव गाथा गाउँदछन्।

धन्य छ मंगलमय मैत्रीभावना। धन्य छ मैत्री-भावनाले परिपूर्ण पूर्ण !!

*(साभार : हिन्दी "विपश्यना" पत्रिका, २००६, श्रावण पूर्णिमा)*

## धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

*क.सं. ७३८*

**श्री बुद्धरत्न कंसाकार**
ज्याठा, कान्तिपथ, काठमाडौं
रु. १,०१०/–

*क.सं. ७३९*

**श्री राजु शाक्य**
ओमबहाल, ब्रह्मपुर, काठमाडौं
रु. १,०१०/–

*क.सं. ७४०*

**श्री धन शाक्य**
बांसबारी, काठमाडौं
रु. १,०००/–

*क.सं. ७४१*

**दुर्गा डंगोल**
असन, कमलादी, काठमाडौं
रु. १,०००/–

*क.सं. ७४२*

**मञ्जु सिं**
स्वयम्भू, काठमाडौं
रु. १,०००/–

*क.सं. ७४३*

**श्री लालबहादुर चौधरी थारु**
उदयपुर, गा.वि.स. जागादह, मैनाहा–८
रु. १,००५/–

*क.सं. ७४४*

**श्री जनता उच्च मा.वि.**
देउरी, त्रियुगा, उदयपुर
रु. १,०००/–

*क.सं. ७४५*

**माणिक लक्ष्मी तुलाधर**
तँलाछी
रु. १,०००/–



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २५९

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**अत्तना चोदयत्तानं – पटिमासे अत्तमत्तना**
**सो अत्तगुत्तो सतिमा – सुखं भिक्खु विहाहिसि**

*अर्थ*– स्वयं आफूले आफैलाई होश गरेर बस्ने, आफूले आफैलाई परीक्षा गर्ने, आत्म संयमी स्मृतिवान भिक्षु सुख पूर्वक बास गर्छ ।

**अत्ताहि अत्तनो नाथो – अत्ताहि अत्तनो गति**
**तस्मा सञ्ञमयत्तानं – अस्सं भद्रं व वाणिजो ।**

*अर्थ*– आफ्नो मालिक आफै हो, आफ्नो गति पनि आफै बनाउँछन्,

अतः व्यापारीले असल घोडालाई सुरक्षित गरेर राख्ने झैं आफूले आफैलाई सुरक्षा गरेर राख्न सक्नुपर्छ ।

*घटना*– उपरोक्त गाथाहरू भगवान् बुद्धले जेतवन विहारमा बस्नु हुँदा नङ्गल कुल स्थविरको कारणमा भन्नु भएको थियो ।

बुद्धको समयमा एउटा गरीब मानिस अरूको घरमा नोकर भएर काम गरी जीविका गरीरहेका थिए । एकदिन त्यो गरीब झुत्रो लुगा लगाई एउटा हलो बोकी आईरहेको एउटा भिक्षुले भेटेछ । भिक्षुलाई माया लागेर उनीलाई भने– "तिमी यसरि दुःख गरेर जीविका गर्नुभन्दा प्रव्रजित हुन हुँदैन ?"

गरीबले भने– "भन्ते ! म यस्ता गरीबीमा जीविका गरीरहनेलाई कसले प्रव्रजित गर्छ र ?"

भिक्षुले भने– यदि तिमी प्रव्रजित हुन चाहन्छौ भने म गराइदिन्छु । गरीबले मानेपछि भिक्षुले उसलाई विहारमा लगेर प्रव्रजित गराईदियो । उसले लगाएर आएको झुत्रो लुगा र हलो विहारको सिमानामा एउटा रूखमा झुण्डाउन लगाईदियो । त्यसको नामै त्यसैले नङ्गल (=हलो) कुल स्थविर भनेर रहन गयो ।

नङ्गल स्थविरलाई समय समयमा प्रव्रजित जीवनमा मन लाग्दैनथ्यो, आलस्य आउँथ्यो । विहारमा प्राप्त हुने लाभ सत्कारबाट पनि उ सन्तुष्ट नभई प्रव्रजित जीवनदेखि दिक्क लागेर आउँथ्यो ।

यस्तो मनस्थिति हुँदा उनी त्यही झुत्रो लुगा र हलो झुत्रो झुण्डयाएको ठाउँमा गएर आफैलाई अपवाद दिन्थ्यो– "तँ लाज शरम नमानी, यस्तो उत्तम चीवर वस्त्र लगाएको छोडी, गृहस्थ भएर पहिला जस्तै नोकर जीविका गर्न चाहन्छौ ?"

यसरी आफैलाई सम्झाई फर्केर आउँदा दुई चार दिन उनको मन हलुंगो हुन्थ्यो । पछि फेरि विस्तारै प्रव्रजित जीवन देखि मन उदास भएर आउँथ्यो । फेरि त्यसरी नै झुत्रो लुगा र हलो भएको ठाउँमा जान्थ्यो ।

ऊ बराबर, त्यही ठाउँमा आवत जावत गरेर हिँड्ने देखेर अन्य भिक्षुहरूले उनीसँग सोधे– "आयुष्मान नङ्गल, तिमी किन सँधै त्यो रूखमुनि बस्न जान्छौ ?"

तब उसले जवाफ दिन्थे– "म आफ्नो आचार्य कहाँ जाने गर्छु ।"

एवं प्रकारले आफूले आफैलाई सम्झाई सम्झाईकन केही समय बितेपछि उनीले अरहत पद लाभ गरे । त्यसपछि त्यहाँ जान छोडे । एकदिन भिक्षुहरूले उनीसँग जिस्क्याएर भने– "के हो आयुष्मान नङ्गल आजकल तिमी आवत जावत नगर्नाले त्यो बाटै शून्य भयो । आजकल उता जानुपर्दैन के ?"

नङ्गल स्थविरले जवाफ दिए– "जब म सांसारिक मोहमा परेको थिएँ, त्यतिबेला जान्थें । अब त्यो मोह छुटीसक्यो, त्यसैले अब जानु पर्दैन ।"

उनको कुरालाई नबुझी झूठो बोल्यो भनी ठानी भिक्षुहरूले सो कुरा भगवान बुद्धकहाँ भन्न गए ।

भगवान बुद्धले भिक्षुहरूलाई सम्झाएर भन्नुभयो– "हो भिक्षुहरू मेरा पुत्रले आफूले आफैलाई अवरोध गरी आफू प्रव्रजित भएको काम सफल– सम्पूर्ण गरी लिइसक्यो ।

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ❖

**धर्मकीर्ति पत्रिकायात सहयोग**

उपासिका धर्मदेवी तुलाधर पाखें धर्मकीर्ति पत्रिकाया उत्तरोत्तर प्रगति कामना यासे रु. १०००/– तका चन्दा सहयोग प्रदान यानादीगु दु । दाता उपासिकाया निरोगी व सुस्वास्थ्य कामना यासे धर्मकीर्ति पत्रिका परिवार पाखें साधुवाद व्यक्त याःगु दु ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–४

✍ के.श्री धम्मानन्द

*अनुवादक*- बरदेश मानन्धर

**देवताहरू प्रतिको विश्वास**

विभिन्न देवताहरू एवं दैत्यहरू, जो काम (भौतिक) सुखको दृष्टिले मनुष्यहरू भन्दा भाग्यशाली छन्, को अस्तित्वलाई बौद्धहरूले अस्वीकार गर्दैनन् । साधारण मनुष्यहरूमा नभएका केही शक्ति पनि तिनीहरूमा छन् । तैपनि यी देवताहरूका शक्ति पनि सीमित छन् किनभने उनीहरू पनि परिवर्तनशील (अनित्य) छन् । मनुष्यहरू भन्दा लामो समयसम्म उनीहरू सुखी लोक (भुवन) मा बाँच्छन् जीवनको आनन्द लिन्छन् । जब उनीहरूले पहिलेको जीवनमा सञ्चय गरेको आफ्नो कर्महरू सिद्धिन्छ यी देवताहरू पनि त्यहाँबाट च्यूत हुन्छन् र फेरि उनीहरूको असल वा खराब कर्म अनुसार अर्को ठाउँमा जन्म लिन्छन् । बुद्धका अनुसार राम्रो ठाउँमा जन्म लिनको लागि पुण्य कार्य गर्ने अवसर मनुष्यहरूको लागि बढ्ता छ र देवताको लागि यस प्रकारको अवसर कम मात्र छ । बौद्धहरूले यी देवताहरूलाई कुनै विशेष महत्व दिँदैनन् । उनीहरूले यी देवताहरूलाई नैतिक विकास वा मोक्ष वा निर्वाण प्राप्तिको लागि सहाराको रूपमा लिन्दैनन् । चाहे तिनीहरू ठूला वा साना होस् मनुष्य एवं देवताहरू दुवै नै नाश हुनेछन् र पुनर्जन्म लिनेछन् ।

बौद्धजनहरूको यो आम विश्वास छ कि पुण्य कार्य गर्ने समयमा यी देवताहरूलाई पुण्य पठाएर उनीहरूको सहयोग (समर्थन) प्राप्त गर्न सकिन्छ । यो विश्वास धार्मिक जीवन जीउने व्यक्तिहरूको आरक्षा गर्न बुद्धले देवताहरूलाई दिनु भएको आदेशमा आधारित छ । यही नै कारण हो कि बौद्धहरूले यी देवताहरूलाई पुण्यानुमोदन गर्दछन् वा पुण्य कार्य गरिने समयमा उनीहरूको स्मरण गर्दछन् । तथापि, यस्ता देवताहरूको नाममा गरिने पूजा वा अर्पण (चढाउने त्यतिको महत्वको छैन, तैपनि केही बौद्ध प्रचलनहरू यस्तै कार्यमा केन्द्रित छन् । जब मान्छेहरू कुनै कठिनाइमा पर्छन्, स्वभावतः कुनै पूजा गर्ने ठाउँमा गएर देवताहरूसित आफ्ना कष्ट पोख्तछन् । यसो गर्नाले उनीहरूको मनलाई केही सान्त्वना मिल्छ, उनीहरूलाई धेरै सजिलोको महसूस हुन्छ । तापनि यो एउटा बुद्धिजीविहरूको लागि जसमा धेरै मनोबल राम्रो शिक्षा एवं बुझ्ने क्षमता छ यस्ता विश्वास एवं कार्यहरू कायमै राख्न आवश्यक छैन निश्चय नै बुद्ध धर्ममा यस्तो कुनै शिक्षा दिइएको छैन कि कुनै देवतासँग प्रार्थना गरेर निर्वाण प्राप्त गर्न सकिन्छ । बौद्धहरूले यो विश्वास गर्छन कि शुद्ध र अशुद्ध आफु भित्रं निर्भर गर्दछ । बाहिरको कुनै पनि श्रोतको कतिपनि सहयोग विना नै बुद्धत्व एवं निर्वाण प्राप्त गर्नमा यो नीति सफल भएको छ । यसैले देवताहरूको साथ वा साथ बिना पनि बौद्धहरू आफ्नो धर्म अभ्यास गर्न सक्छन् ।

**के सँधै रहिरहने आत्मा छ ?**

नित्य आत्मामा गरिने विश्वास मानव चेतनाको गलत धारणा हो ।

*आत्मा बारेको सिद्धान्तहरू*

आत्मा सम्बन्धी सिद्धान्तहरू बारे संसारमा ३ प्रकारका धर्म गुरुहरू छन् । पहिलो धर्म गुरुहरू छन् । पहिलो धर्म गुरुले मृत्यु पछि पनि रहिरहन नित्य आत्मा बारे सिकाउनु हुन्छ – ऊ नित्य (परमात्मावादी) हो । दोश्रो गुरुले मृत्यु पछि अन्त हुने अस्थायी आत्मा बारे सिकाउनु हुन्छ – ऊ भौतिकवादी हो । तेस्रो गुरुले न नित्य न अस्थायी आत्मा बारे सिकाउनु हुन्छ – वहाँ बुद्ध हुनुहुन्छ । बुद्धका अनुसार हामीले अहं, आफू, आत्मा, म, ऊ भनिने मात्र प्रज्ञप्ति (लौकिक वा व्यवहारिक धारणा) हुन्, जसले कुनै सत्य, स्वतन्त्र अस्तित्व जनाउँदैन एक बौद्धले यस्तो विश्वास गर्दैन कि यस्तो कुनै आत्मा छ जो नित्य छ, जुन स्वर्ग (परमात्मा) बाट आउँछ वा जुन आफै बनेको हुन्छ र जुन अर्को जीवनमा प्रवेश गर्छ वा जुन मृत्युपछि सिधै स्वर्ग वा नर्कमा जान्छ । बौद्धहरू यो विश्वास गर्दैनन् कि यो या अझ कुनै संसारमा पनि त्यस्तो कुन छ जुन नित्य र अपरिवर्तनीय छ हामी आफै प्रति आशक्त हुन्छौं । कुनै त्यस्तो नित्य कुरा पाउन खोज्छौं । हामी त्यस बच्चा जस्तो छौं जो आकाशमा देखिने इन्द्रधनुष समात्न चाहन्छ । एक बच्चाको लागि त इन्द्रधनुष सजीव एवं साँच्चैको हुन्छ तर ठूलाहरूले यो बुझेको हुन्छन् कि यो त पानीको थोप्ला र प्रकाशको किरणबाट बनेको इन्द्रजाल मात्र हो । प्रकाश तरङ्गका ताँतिहरू मात्र हो, जुन इन्द्रधनुष भन्दा बढी वास्तविक छैन । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धैर्य र सहनशीलता

✍ भिक्षु अश्वघोष

मानिसहरूले जीवन सफल एवं सुखमय बनाउनको लागि उनीहरूमा धेरै गुणहरू चाहिन्छन् । ती मध्ये धैर्य सहनशीलता पनि आवश्यक गुण हो । त्यसको विपरीत अवगुण अलसीपना हो । धैर्यको लागि आदर्श लिने हो भने बोधिसत्वको चरित्र अध्ययन गर्न उपयोगी हुनेछ । बोधिसत्वको धैर्य सधैं सम्भ्की राख्नु उपयुक्त हुनेछ । बो धिसत्वको धैर्य बलियो भएकोले नै उहाँ बुद्ध हुन सफल हुनु भयो । धैर्य हुँदा खेरि निराश हुँदैन । आजभोलि जाँचमा फेल भएपछि आत्म हत्या गर्ने मानिसहरू धैर्य नभएको कारणले हो । श्री लंकाको एक जना भिक्षु १४ पटक सम्म S.L.C. मा फेल यो । तर उसले धैर्य छोडेन । पास गरेरै छोड्नु भयो आइ.ए.मा ८ पटक फेल भयो तैपनि पास गरेरै छोड्नु भयो । यो धैर्यको ज्वलन्त उदाहरण हो सगरमाथा हिमालय चढ्ने व्यक्तिहरूमा धैर्य भएकोले नै सफलता हासिल गर्छन् ।

तर बुद्धको शिक्षा अनुसार धैर्य चाहिन्छ भनेर अधिक मात्रामा धैर्य र उत्साह गर्नु हुँदैन । मात्रा ठीक हुनुपर्छ । बुद्धकालीन एक भिक्षुको घटना स्मरण आयो । एक जना युवक दुःखबाट छिटो मुक्त हुन इच्छा भएकोले आफ्नो गुरुबाट ध्यान भावना विधि सिकेर जंगलमा कुटी बनाइ ध्यान अभ्यास गर्न थाल्यो । उसलाई खूब निद्रा मात्र लाग्न थाल्यो । उसले त सुकुल पानीमा भिजाएर काँधमा बोकी भावना गर्न थाल्यो । निद्रा नपुगेकोले शरीर कमजोर भयो । अति मार्गमा लागेको ले उ बिरामी पर्‍यो । दुःखबाट मुक्त हुन नसक्दै जीवन अन्तहुन पुग्यो । उसको बारेमा बुद्ध भन्नुहुन्छ– त्यो भिक्षुमा मध्यममार्ग भएन ।

पुस्तकमा लेखिएको कथा रोचक छ । त्यसैले यहाँ उधृत गर्न मन लाग्यो । धेरै कष्ट गरेर ध्यान अभ्यास गरेकोले मरेर देवलोकमा उत्पन्न भयो रे । त्यहाँ विमानमा देवपुत्र नभएकोले देवी अप्सराहरूलाई नरमाइलो भैरहेको थियो । देवपुत्र आयो भनेर खुशीले नाच्न थाल्यो । नजिक आउँदा खेरि देवपुत्र लजाउन थाल्यो छोइएला भनेर सिकुरेर पछि पछि हट्न थाल्यो ।

देवी अप्सराहरूले यो त भिक्षु स्वभावको रहेछ । उसको अगाडि ठूलो ऐना राखि दियो रे । उ आफ्नो रूप देखेर म कहाँ आइपुगको ? म देवलोक आउनलाई प्रव्रजित भएको होइन भनेर भागेर भगवान् बुद्धकहाँ पुगेर भन्न थाल्यो– म त पिशाच अप्सराहरूको जंगलमा पुगें । म कसरी त्यहाँबाट मुक्त हुने ? भो भगवान ।

अनि बुद्धले आर्य अष्टागिक मार्ग उपदेश दिनु भयो । बुद्ध भन्नुहुन्छ– मध्यम मार्ग जान्नु पर्छ । जे पनि ठीक मात्रामा काम गर्नुपर्छ । अति मार्गमा लाग्नु भएन । न सुतीकन बढी मात्रामा मिहिनेत गरेकोले तिमी दुःख बाट मुक्त हुन सकेनौं ।

सहनशीलता पनि न भई नहुने कुरा हो । त्यसो भएता पनि सबै ठाउँमा सहनै पर्छ भनेको होइन । बुद्ध भन्नुहुन्छ- अन्यायको विरोधमा सहनु भ्रन अन्याय हुन जान्छ । सहनशीलता देखाउने थरिथरिका व्यक्तिहरू हुन्–

१) कुनै कुनै व्यक्ति मुर्खताले गर्दा सहेर बस्छ ।
२) कुनै कुनै कमजोर भएकोले सहेर बस्छ ।
३) कोही कोही ढोंगी देखावटी सहेर बस्छ ।
४) कोही कोही आफूलाई फाइदाको लागि सहेर बस्छ ।

भगवान् बुद्धले अन्यायको विरोधमा सहनु भ्रन अन्याय हुन्छ भन्नु भएको किन यतातिर एकचोटी चर्चा गरूँ । बुद्धकालमा कुण्डल केसी नाम गरेको सेठको एक्ली छोरी थिइन् । सधैं भ्याल बाहिर हेरिरहने गर्थिन् । सत्थुक नामक युवक घरको मुनिबाट गइरहेको देखेर कुण्डल केसी त्यो सत्थुक प्रति आकर्षित भइन् । सत्थुक नराम्रो स्वभावको अपराध काम गर्ने व्यक्ति भनेर थाहा थियो । उनीलाई सत्थुकले ठूलो अपराध काम गरेको बापत उसलाई मृत्यु दण्ड दिई उसलाई भ्रुण्डाउन लगिरहेको कुण्डल केसीले देखिन् । बुबा समक्ष प्रार्थना गर्दैन् मृत्यु दण्डको लागि रहेको सत्थुकलाई बचाउनु पर्‍यो उ बिना म बाँच्न सक्दिन भनी कराउन थालिन् उनको कुरा सुनी उसको बुबाले धेरै रकम पैसा घूस खुवाई सत्थुकलाई



Downloaded from http://www.dhamma.digital

मृत्यु दण्डबाट मुक्त गराएर ज्वाँइ बनाइदियो । कुण्डल केसी केही महीना सम्म उसँग रमाइलोसंग बिताइन् ।

त्यो सत्थुक चोरेर जीविका चलाउने मान्छे। उसले कुण्डल केसीलाई भन्यो– प्रिय एकदिन मैले जंगलको एउटा रूखमा वृक्षदेवतासँग भाकल गरेको थिएँ म बाँच्यो भने पूजा गर्न आउँछु भनी । अब तिमीले सुनको गहना सबै लगाई पूजा सामान लिएर त्यहाँ गई पुजा गर्न जाऔं ।

कुण्डल केसी छक्का पंजा केही ज्ञान नभएकी आफ्नो पतिको आज्ञा अनुसार सुनको गहना सबै लगाएर सत्थुक सँगै जंगलमा गइन् । जंगल पहाडको दृश्यको वातावरण भयावह थियो । पहाडको टुप्पोमा पुग्ना साथै निर्दयी सत्थुकले भन्यो– कुण्डल केसी ! तिम्रो गहना जम्मै फुकाल तिम्रो अन्तिम सजाँय आयो। कुण्डल केसीले सोच्न थालिन् यो मान्छे त महादुष्ट पो रहेछ, कस्तो अकृतज्ञ रहेछ। यस्ता मानिस त बाँचिरहनु महापाप हो, अपराधलाई मारिदिन्छु । यति सोची उनीले सत्थुकलाई भनिन् स्वामी, यो हाम्रो अन्तिम मिलन भयो । त्यसैले तपाइँलाई परिक्रमा गरी माया गर्ने चाहना भयो। कुण्डल केसीले परिक्रमा गर्ने बहाना गरी सत्थुकलाई पछाडि बाट धक्का दिई पहाडबाट खसालि दियो । फलस्वरूप सत्थुक पहाडबाट खसेर मऱ्यो । कुण्डल केसी बुद्ध कहाँ गइन् र आफूले गरेको सबै कार्य सुनाई क्षमा मागिन् ।

भो शास्ता ! म अपराधिनी ! जम्मै कथा सुनाइन्, मलाई शरण लिनुस् ।

बुद्धले भन्नुभयो बहिनी आउनुस् । बुद्धि भनेको पुरूषहरूसंग मात्र छ भन्ने होइन महिलाहरूसँग पनि बुद्धि छ ।" यहाँ बुद्धले भन्नुभएको अन्यायको विरोधमा सहनु पनि अन्याय हुनेछ । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६९ चैत्र १ गते | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६९ चैत्र ७ गते | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६९ चैत्र १४ गते | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६९ चैत्र २१ गते | त्यागवती गुरुमां | त्यागवती गुरुमां |
| २०६९ चैत्र २८ गते | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–३

✍ **देवकाजी शाक्य**

( १३ )

– हामी साना साना घरमा घुम्दै फेर्दै खेल्छौं ।
– तर धर्मकाय अनन्त अन्तरिक्षलाई भरिदिन्छ ।

( १४ )

– सालका रूखमा परेका हावाका झोकाका आवाज, पानीको लहर जस्तै, चराचुरूङ्गीहरूका गायन र कीटपटङ्गका स्वरध्वनीले बोधिज्ञानको लागि प्रेरणा प्रदान गर्दछन् ।
– गृष्म ऋतुका खोलानाला, शरदका उपत्यका, बसन्तका फूलहरू र हिउँदका हिउँले सत्यलाई उजागर गरिदिन्छन् ।

( १५ )

– चार तत्वहरू र पञ्चस्कन्धले बनेका भौतिक शरीर लिएर कसरी सधैं हामी स्वस्थ हुन्छौं ?
– जन्म, बुढेसकाल, रोग र मृत्यु लिएर कसरी हामी अनित्यताबाट छुट्कारा पाउँछौं ?
– सञ्चो र राम्रो हुन धर्मकायलाई बुझ ।
– अनित्यतालाई बुझ्न भ्रमबाट छुट्कारा पाऊ र सत्यलाई अँगाल ।

( १६ )

– एउटा मजबूत रूखलाई टेढा चन्द्रमाको प्रकाशसँग डर हुँदैन । एउटा मजबूत खम्बालाई भिरालो छानाको टायलसँग भय हुँदैन ।
– एक इमान्दार व्यक्ति झूठा निन्दाबाट निहुरिँदैन । एकजना गुणी मान्छे राक्षस प्रवृतिसँग डराउँदैन ।

( १७ )

– संसारका दु:खहरू आफू र अरू बीचका झूठा भेदभावबाट उठ्छन् दु:खहरू प्रक्र‍ृयाप्रतिका आसक्तिबाट उठ्छन् जुन प्रक्रियालाई सही अस्तित्व र वस्तुका नित्यता भनेर ग्रहण गर्छौं ।

( १८ )

– भूलले तर्कलाई हराउन सक्तैन ।
– तर्कले नियमलाई हराउन सक्तैन ।
– नियमले शक्तिलाई हराउन सक्तैन । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# रंगुन देश र स्वदेगों चैत्यको उत्पत्ति

✍ भिक्षुणी धम्मवती
*अनुवाद*- **भिक्षुणी वीर्यवती**

बुद्ध धर्म बर्मा (म्यानमार) देश भन्दा पहिला अरकानमा प्रचार भएको देखिन्छ। भारतमा जति पनि बर्मी विहारहरू निर्मित छन्, ती मध्ये धेरैजसो विहारहरू अरकान निवासी मानिसहरूले बनाएका हुन्। पहिला पहिला बर्मा देश सबै जङ्गलले भरिएको देखिन्छ। हालको रंगुन (याँगुन) सहर पनि जंङ्गल नै थियो। यस जंङ्गललाई रंगुन देशको रूपमा परिणत गर्ने व्यक्ति राजा ओकलाप हुन्। ओकलाप राजा इन्द्रका छोरा हुन् भन्ने किंवदन्ति छ।

आजभोली यही रंगुन देश (म्यानमार) बर्मा देशको राजधानीको रूपमा रहेको छ। स्वदेगों चैत्य रंगुन राजधानीमा नै स्थापना गरिएको छ। म्यानमारमा भ्रमण गरिसकेका धेरै जसो व्यक्तिहरूले स्वेदेगों चैत्य दर्शन गर्ने सौभाग्य प्राप्त गरेका हुन्छन्। आऔं यस रंगुन सहर र यस सहरमा स्थापित स्वदेगों चैत्यको उत्पत्ति विषयमा एकछिन अध्ययन गरौं।

हालको रंगुन सहर जङ्गलको रूपमा रहेको बेला ऋषिहरू त्यस जंङ्गलमा फलफुल खोज्न आउँथे। एकदिन यसरी नै फलफूल खोज्न आउँदा उनीहरूले नपाकेको तर आकारमा अरू फलफूल भन्दा ठूलो फल देखे। असाधारण रूपमा ठूलो तर नपाकेको फल देखी आश्चर्य लागी एउटा ऋषिले त्यस फललाई छामेर हेरेछ। जब फललाई छोयो तब त्यस फल पट्ट फुटेछ र भित्रबाट एउटी रहरलाग्दी बालिका देखिएछ। यसरी फलभित्र बालिका देखेपछि त्यस ऋषिले त्यस बालिकालाई आफ्नी सुपुत्रीको रूपमा पाल्न लग्यो। बालिकालाई आहारको रूपमा दूध आवश्यक भएकोले त्यस ऋषिले आफ्नो चोर औंलाबाट दूध निस्कियोस् भनी आफ्नो ध्यान चित्तले अधिष्ठान गऱ्यो। अनि त्यस औंलाबाट निस्किएको दूध पिलाई बालिका हुर्कायो। ठूलो फलबाट निस्किएकी बालिका भएकीले उक्त बालिकाको नाम मेलमू भनी राखियो।

यौवन अवस्थामा पुगिसकेपछि मेलमूले आफ्नो बुबा ऋषि फलफूल टिपेर फर्किने समयमा बीच बाटोसम्म पुगी लिन जाने गर्थिन्। एकदिन सधैं जसो आफ्नो बुबा ऋषिलाई लिन गएकी बेला उनीलाई इन्द्रले देखेर मनपराएछ। पहिला पहिला मनुष्य र देवताहरूको कुराकानी र सम्बन्ध चल्छ भन्ने कुरा यस घटनाले पनि प्रष्ट पार्दछ। आफूलाई मनपरेकी मेलमूसँग विवाह प्रस्ताव राख्नको लागी इन्द्र ऋषि समक्ष पुगेछ। तर ऋषिले मेलमूलाई इन्द्रसँग विवाह गराउन चाहेन। किनभने इन्द्रदेव स्वर्गलोक निवासी ज्यादै व्यस्त एवं बेफुर्सदी देवता भएको कारणले उ मनुष्य लोकमा धेरै समय रहन पाउँदैन। त्यसैले उनले मेलमूलाई सुखपूर्वक पाल्न सक्दैन। मेलमू पनि मनुष्य जाती भएको कारणले उनी स्वर्गलोकमा धेरै समय सम्म रहन सक्दिनन्। किनभने मनुष्य रूप स्थूल भएको कारणले स्थूल आहार नै सेवन गर्नुपर्ने हुन्छ। फलस्वरूप दिसापिसाब रूपी असुची त्याग्नु पर्ने हुन्छ। तर देवताहरूको शरीर शूक्ष्म भएको कारणले उनीहरूले शूक्ष्म आहार अर्थात् दिव्य आहार मात्र सेवन गरे पुग्ने भएको कारणले उनीहरूको शरीर भित्र मलमूत्र हुँदैन। फलस्वरूप उनीहरूलाई मलमूत्र त्याग्नुपर्ने झंझट हुँदैन। यही कारणले मेलमू देवलोकमा रहन नसकिने भएकोले ऋषिले इन्द्रको प्रस्तावलाई स्वीकार्न सकेन। तैपनि इन्द्रले मेलमूलाई कुनै पनि समस्या आउन नदिई मनुष्यलोकमा नै सुखपूर्वक जीवन बिताउने व्यवस्था मिलाईदिने वचन दिई विवाह गरिछोडे। विवाह बन्धनमा बाँधिएका इन्द्र र मेलमू मनुष्य लोकमा नै सुखपूर्वक रहन थाले।

एकदिन इन्द्रलाई देवलोकमा नगईनहुने जरुरी काम आइपरेकोले उ देवलोकमा पुगे। तर देवलोकमा आइपरेका विभिन्न जिम्मेवारीहरू वहन गर्दा गर्दै उ मनुष्य लोक फर्कन पाएन। यता मेलमू आफ्नो पतिदेव इन्द्रको बिछोड सहन नसकी विलाप गर्दै रोइरहिन्। आफ्नी छोरी रूँदै गरेको हेर्न नसकी ऋषिले जसरी भएपनि आफ्नी छोरी मेलमूको दुःख र पीडा हटाउने उपाय गरिदिनु पऱ्यो भनी पत्र लेखी उक्त पत्र एउटा मैनालाई दिई देवलोकमा इन्द्र समक्ष पठाए। इन्द्रले यस समस्या सुल्झाउनको लागि मेलमूलाई पिलाइदिनु भनी ३ थोपा अमृत मैनालाई दिई पठायो। ती ३ थोपा अमृत पिएपछि ३ वटा नै सन्तान जन्मिएर मेलमूको ध्यान आफूले जन्माएका ती सन्तानहरूमा अल्झिएर उनीले इन्द्रको विछोडलाई



Downloaded from http://www.dhamma.digital

बिर्सनेछिन् भनी इन्द्रले अमृत दिएर पठाएको रहेछ । यसरी मैनाले स्वर्गलोकबाट अमृत लगेको देखी स्वर्गका अप्सराहरूले चीलको भेष धारण गरी मैनालाई लखेट्न आए । उनीहरूले मैनालाई आफ्नो पखेटाले हानेर एक थोपा अमृत खसालिदियो । खसेको उक्त अमृत समुद्रमा परी त्यसवाट एक ठूलो गोहीको जन्म भयो । अर्को पटक पनि चीलले आफ्नो पखेटाले हान्दा अर्को एक थोपा अमृत खसेर जंङ्गलमा पऱ्यो । जंङ्गलमा खसेको अमृतको थोपाबाट एक ठूलो मृगको जन्म भयो । त्यसपछि बाँकि रहेको एक थोपा अमृतलाई मैनाले हिफाजत गरी बचाउँदै मनुष्य लोकमा पुऱ्याएर मेलमूलाई पिलाउन सफल भयो । अमृत पिएको कारणले मेलमू गर्भवती भई समय पुगेपछि उनीले एक पुत्ररत्नलाई जन्म दिइन् । त्यस बालकलाई ओकलाप भनी नामाकरण गरियो । पछि इन्द्र आई आफ्नो छोरो ओकलापलाई रंगुनको राजा बनाई रंगुनलाई एक देशको रूपमा निर्माण गरिदिएको किम्बदन्ती रहेको छ ।

एकदिन रंगुन देशका व्यापारीहरू आफ्ना ५०० बैलगाडाहरू भरि सामान लिई मध्ये प्रदेश (हाल भारत) तर्फ व्यापार गर्न जानको लागि आफ्ना राजा ओकलाप सँग अनुमति लिन गएका थिए । मध्ये प्रदेश रंगुन देश भन्दा धेरै ठूलो थियो । ओकलाप राजाले उनीहरूलाई व्यापार गर्न जाने अनुमति दिँदै मध्य प्रदेशमा उनीहरूले देखेका नौला र अनौठा घटना र चीजहरू विषयमा बताउन आउन आदेश दिए । ती व्यापारीहरूको नाम तपुस्स र भल्लुक थियो । पहिला पहिलाको चलन अनुसार टाढा टाढा (विदेश) व्यापार गर्न जाँदा केही समस्या आइपऱ्यो भने क्षमा पूजा गर्नको लागि पूजा सामान (किसली) पनि लग्ने गरिन्थ्यो । तपुस्स र भल्लुकले पनि यसरी नै पूजा सामाना लगेका थिए ।

व्यापारीहरू बुद्धगयाको जंङ्गलमा पुग्दा पाँचसयवटा नै बैलगाडाहरू अचानक रोकिए । गाडाहरू रोकिएपछि व्यापारीहरू आत्तिएर उक्त जंङ्गलमा क्षमा पूजा गरे । त्यसपछि त्यहिंको बनदेवी आई उनीहरूलाई भनिन्–

"तिमीहरूलाई मैले दुःख दिनको लागि गाडा रोकेकी होइन । तिमीहरू पहिलाको जन्ममा मेरा छोराहरू हौ । यस जङ्गलमा भगवान् बुद्ध उत्पन्न हुनुभएको छ । त्यसैले पहिला तिमीहरूले उहाँलाई दर्शन गर्न जानु । तिमीहरूलाई यो सुवर्ण मौका आइराखेको कारणले मैले तिमीहरूको गाडा रोक्न लगाएकी हुँ ।"

तपुस्स र भल्लुकले आफ्नो पहिलो जन्मको आमाको यस मैत्रीपूर्ण सल्लाहलाई स्वीकारी उनीहरूले व्यापार गर्न जाँदा बाटोमा खानको लागि भनेर राखेर ल्याएको खाना सत्तु, ध्यू र मह भगवान् बुद्धलाई दान दिनको लागि गए । उता भगवान् बुद्धले बोधिवृक्ष मुनि बुद्धत्व प्राप्त गरिसक्नु भएपछि सात दिन सम्म बोधिवृक्ष मुनि नै रहनु भएको थियो । सातदिनपछि बोधिवृक्ष अगाडि उभिनुभई यस वृक्षको गुणानुस्मरण गर्दै ७ दिन सम्म आँखा नझिम्काइकन बोधिवृक्षलाई नेत्रपूजा गर्नु भएको थियो । यसरी सातदिन पछि उहाँले बुद्धगयामा चंक्रमण गर्दै सातदिन बिताउनु भएको थियो । त्यसपछि सातदिन सम्म रत्नाघरमा बिताउनु भएको थियो । त्यसपछि अजपाल वृक्षमुनि ७ दिन बिताउनु भयो । अर्को सात दिन मुचलिन्दमा बिताउनु भयो भने अन्तिम सप्ताह राजायतनमा बिताउनु भएको थियो ।

भगवान बुद्धले बुद्धत्व प्राप्त गरिसक्नुभए पछि निराहार रही ७ ठाउँमा एक एक सप्ताह बिताउनु हुँदै ४९ औं दिन अथवा अन्तिम दिनमा उहाँ राजायतन भन्ने स्थानमा रहनु हुँदा तपुस्स र भल्लुकले सत्तु दान गर्न आएका थिए । ती व्यापारीहरूले सत्तु दान गर्दा भगवान् बुद्धसँग सत्तु थाप्नका लागि कुनै पनि भाँडो थिएन । यो दृष्य चतुर्महाराजिक देवताहरूले देखे । अनि यी अभाव पूर्ति गर्नको लागि चतुर्महाराजाहरू मध्ये पहिलो धृतराष्ट्र देवताले 'नमो' शब्द उच्चारण गर्दै रत्नको नीलो पात्र भगवान् बुद्धलाई चढायो । दोश्रो पटक विरूल्हक देवताले 'तस्स भगवतो' भन्ने शब्द उच्चारण गर्दै अर्को रत्नको नीलो पात्र भगवान् बुद्धलाई चढायो । तेश्रो पटक विरूपाक्ष देवताले 'अरहतो' शब्द उच्चारण गर्दै अर्को रत्नको नीलो पात्र भगवान् बुद्धलाई चढायो । चौथौं पटक कुवेर देवताले 'सम्मासम्बुद्धस्स भन्ने शब्द उच्चारण गर्दै रत्नको अर्को नीलो पात्र चढायो । यसरी भगवान बुद्धसँग चार वटा र त्नका पात्रहरू भएपछि भगवान् बुद्धलाई कुन पात्रमा सत्तु थाप्ने ? भनी अन्यौल भयो । त्यसैले चारैजना चतुर्महाराजहरूको चित्त बुझाइ दिनको लागि भगवान बुद्धले एउटा पात्र माथि अर्को पात्र खप्टनुभई चारै वटा पात्रहरू एउटा बनोस् भनी अधिष्ठान गर्नुभयो ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

## ध्यानकुटी मैत्री बाल आश्रमलाई सहयोग

१) केश चन्द्र शाक्य, बनेपा रु. २,०००/-
२) विकाश चन्द्र शाक्य, बनेपा, रु. २,०००/-
३) अन्नपूर्ण तुलाधरको तर्फबाट स्व. पिता न्हुच्छे मान ताम्राकारको पुण्यस्मृतिमा रु. १,०५०/-
४) साहित्यरत्न तुलाधर, पूर्णहिरा तुलाधर, कमलादी रु. १,०००/-
५) दानमाया शाक्य, भक्तपुर, रु. १,०००/-
६) अनोजा शाक्य, भक्तपुर, रु. ५,००/-
७) सन्तमाया शाक्य, भक्तपुर, रु. ५,००/-
८) समलेश्वरी शाक्य, न्युरोड, रु. ५,००/-
९) स्व. रत्नदेवी मानन्धरको पुण्यस्मृतिमा रु. ५,००/-
१०) सुरेश शाक्य, बनेपा (स्व. पिता चनक रत्न शाक्यको पुण्यस्मृतिमा) बालिकाहरूलाई भोजन प्रदान
११) रत्नसुन्दर शाक्य, समलेश्वरी शाक्य पुचः न्यूरोडबाट भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान
१२) रुक्मणी डंगोलबाट (स्व. माताको पुण्यस्मृतिमा): भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान

**कमला गुरुमाँको प्रमुखत्वमा विहार भ्रमणमा ध्यानकुटी विहारमा सहभागि दाताहरूबाट प्राप्तः**

१३) प्रज्ञारत्न ताम्राकार, कालिमाटी, रु. १,१११/-
१४) जीतुप्रभा तुलाधर, चागल, रु. १,००१/-
१५) मणिकज्योति, गङ्गादेवी कंसाकार, कालिमाटी, रु. १,०००/-
१६) गङ्गा मानन्धर, कमलपोखरी हरिनारायणको पुण्यस्मृतिमा, रु. १,०००/-
१७) करुणा मुनि स्थापित, रु. १,०००/-
१८) शिलदेवी तुलाधर, ठमेल, रु. १,०००/-
१९) पद्महिरा ताम्राकार, रु. ६००/-
२०) पूर्णशोभा शाक्य, रु. ५२५/-
२१) प्रेमकृष्ण/जनकमाया महर्जन, लाजिम्पाट, रु. ५०५/-
२२) सील महर्जन परिवार, लाजिम्पाट, रु. ५०५/-
२३) गङ्गादेवी शिलाकार, रु. ५०५/-
२४) शिलादेवी नकर्मी, कमलपोखरी, रु. ५०५/-
२५) सुशीला श्रेष्ठ, नयाँ बानेश्वर, रु. ५०५/-
२६) रत्नवीर महर्जन, रु. ५००/-
२७) ज्ञानहिरा तुलाधर, कमलपोखरी, रु. ५००/-
२८) गौरी बज्राचार्य, दिल्लीबजार, रु. ५००/-
२९) रीता शाक्य, नक्साल, रु. ५००/-
३०) कृष्णकुमारी, येँ, रु. ५००/-
३१) देवमाया, लाजिम्पाट, रु. ५००/-
३२) सुमती तुलाधर, रु. ५००/-
३३) सुर्यतारा श्रेष्ठ, रु. ५००/-
३४) हिरामान महर्जन, रु. २५०/-
३५) राममाया प्रजापति, रु. २१०/-
३६) कमला शाक्य, कालिमाटी, रु. १५०/-
३७) बिजुलीमाया श्रेष्ठ, रु. ११०/-
३८) पंच महर्जन, रु. १०१/-
३९) कान्छी महर्जन, नक्साल, रु. १०१/-
४०) रेणु महर्जन, नक्साल, रु. १०५/-
४१) गणेशमाया, नक्साल, रु. १०५/-
४२) नानी मुनिका, मालीगाउँ, रु. १०५/-
४३) मीना रंजित, रु. १०५/-
४४) युसुना तुलाधर, USA, रु. १००/-
४५) मायादेवी, रु. ५५/-

✿ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरूः**

४६) पुष्पकुमार (नाती) मानन्धर, विद्या मानन्धर, स्व. कमलकुमार मानन्धरको पुण्यस्मृतिमा रु. १५,०००/-
४७) शिक्षा सदन उच्च माध्यमिक विद्यालय, बालिकाहरूलाई वार्षिक भोजनको लागि रु. १५,०००/-



Downloaded from http://www.dhamma.digital

# "धर्मकीर्ति अश्वघोष सम्मान" व "धर्मकीर्ति धम्मवती सम्मान" बारे छत्वाःचा खँ

वंगु वि.सं. २०६९ चैत्र १७ गते शनिबार शाक्यमुनि कीर्ति विहारय् जूगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेलाखुन्हु 'धर्मकीर्ति अश्वघोष सम्मान' व 'धर्मकीर्ति धम्मवती सम्मान' नीस्वनालिं न्हापां सम्मान यायेगु ज्याभ्वः जुल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिइ दुने च्वनाः सक्रिय रुपं, निस्वार्थपूर्वकं, श्रद्धां जाःगु नुगलं गोष्ठीया गतिविधिइ उल्लेखनीय योगदान ब्यूपिं सदस्यपिन्त सम्मान यायेगु उद्देश्यं वंगु २०६९ फागुण १९ खुन्हुया गोष्ठीया औपचारिक मिटिंग खुन्हु थ्व सम्मान बीगु विधिपूर्वकं क्वःछ्यूगु खः । निर्णय जूकथं गुगुं इलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिइ सदस्य जुयाः च्वय् न्ह्यथनाकथं उल्लेखनीय योगदान ब्यूम्ह मिजंम्ह सदस्ययात 'धर्मकीर्ति अश्वघोष सम्मान व मिसाम्ह सदस्ययात 'धर्मकीर्ति धम्मवती सम्मानं' सम्मान यायेगु सकलसिया राय सुझावयात कःधानाः कार्यान्वयन नं जूगु जुल ।

वि.सं. २०२८ जेष्ठ ७ गते शनिबार खुन्हु स्थापना जूगु थुगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना कालंनिसें निरन्तरं प्रत्यक्ष वा अप्रत्यक्ष रुपं योगदान बियाच्वनादीपिं मिजंम्ह सदस्य बरदेश मानन्धर व मिसाम्ह सदस्य मीना तुलाधरयात न्हापांगु 'धर्मकीर्ति अश्वघोष सम्मान' व "**धर्मकीर्ति धम्मवती सम्मान**" क्रमशः सम्मान यायेगु ज्याभ्वः लिपा सकल दुजःपिं सन्तुष्ट जुयादिल । लुमंके बहःजू थनिं पीदँसिवें न्ह्यवः थुगु गोष्ठी स्थापना यायेत विशेष कुतः यानादीपिं थ्वयुकःपिं निम्ह संस्थापक सदस्यपिं खः । थनथाय् लाक्क थुगु गोष्ठी स्थापनाया छकूचा इतिहास नं कुले बहःजू ।

उगु बखतय् यलया नागबहालय् जूगु बौद्ध हाजिर जवाफ प्रतियोगिताय् धर्मकीर्ति विहारं ब्वति काःवंबलय् तसकं बांमलाक्क बूगु, हार जूगु जुयाच्वन । ब्वति काः झाःपिं निम्ह बरदेश मानन्धर, नानीमैयाँ मानन्धर व र त्नदेवी मानन्धर नं खः । थुगु हारं वय्कपिन्त जागरुक यात । बुद्ध धर्म बाँलाक ब्वनाः जीत यानातुं त्वःते धयागु तःधंगु उत्साह वल । अले धम्मवती गुरुमांयात अनुरोध यानाः । झी नं छगू बौद्ध कक्षा संचालन यायेगु संस्था दयेकेमाल धकाः जोरजोरं जोश पिकयाः ३० म्ह सदस्य मुनाः धम्मवती गुरुमांया नेतृत्वय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना जूगु खः ।

गोष्ठी स्थापना जुसेंलि सदस्यपिन्त बुद्ध शिक्षा बीगुपाखें श्रद्धेय अश्वघोष भन्ते व श्रद्धेय धम्मवती गुरुमांनं बेजोड अभियान न्ह्याका बिज्यात । वसपोलपिनिगु दक्ष निर्देशन व अध्यापनया फलस्वरुप गोष्ठीया सदस्यपिं बांलाक दिक्षित जुल । वयांलिपा हाजिरि जवाफय् भारि विजय जूगु जक मखु आपालं बौद्ध गतिविधि न्ह्यानावं वनाः थुकिया त्वाःमदःगु इतिहासया आयु थौं ४० दँ पुले धुंकल ।

थुलि समय अवधि दुने आपालं सदस्यपिनिगु निस्वार्थ सक्रिय सहभागीता, योगदान दयावं च्वन । गुगुं इलय् योगदान ब्यूगुया कदर थ्व सम्मान ज्याभ्वलं जूगु जुल । गोष्ठीया निरन्तरता त्वाःमदःसां जीवनया थलाःक्वलाःया दुने सक्रिय जुइगु त्वःफीगु नं जू सदस्यपिनिपाखें । तर गुरु जुया बिज्याकपिं श्रद्धेय अश्वघोष भन्ते व श्रद्धेय धम्मवती गुरुमांपिनिगु अध्यापन, निर्देशन थ्व समय कालक्रमया दुने गुबलेसं त्वाःमदः । उकिं थुगु गोष्ठीया सदस्यपिं वा धायेनु वसपोल पूजनीय अतिकं, अतिकं हने बहःपिं गुरु, गुरुमांया शिष्य । शिष्यापिनित हनेगु सम्मानय् वसपोलपिनि नां क्वकयाःहे सम्मान यायेगु सकसियां मनसुवाः जुल । थः शिष्य शिष्यापिनिगु मनोभाव थुइकाः निम्हं गुरु/गुरुमांनं सम्मानय् थःपिनिगु नां तयेत उजं नं बिया बिज्यात थ्व सम्मानया Concept हयाः न्हापां बिचाः प्वंकाः अघि सरे जुयाः ज्या ताःलाकादीम्ह दुजः विकाश तुलाधर विशेष धन्यवादया पात्र खः । थुकथं 'कतञ्जुता एतं मंगल मुत्तमं' यात अनुशरण यानाः गोष्ठीया सदस्यपिसं नीस्वनागु थुगु सम्मानया ज्याभ्वः नं अध्ययन गोष्ठी बौद्ध क्रियाकलाप थें तुं त्वःमफीक निरन्तर न्ह्याःवने फयेमा धयागु आशिका याना ।

❖

*प्रस्तुती- रीना तुलाधर (बनिया)*



Downloaded from http://www.dhamma.digital

# धर्मया अभ्यास गुलि आवश्यक

✍ नानी शोभा मानन्धर

सत्य अनुसंन्धानया ज्या व्यक्ति यागु थःगु याकःचिगु हे ज्या खः । सत्य प्राप्त यायत व्यक्तिं हे कुतः यायेमागु थ्व निर्विवाद विषय खः । अथेसां नं थुगु ज्या आपालं मनू तयसं यायेगु सु-अवसर दयकेगु लागि माःगु पुर्वाधार तयार यायत व्यक्तिपिं छपुचः मुनाः संगठित जुयाः ज्या यायेमाःगु आवश्यक जू ।

भगवान बुद्धं भिक्षुपिनिगु संघं सयेका बिज्यानाः बहुजन हिताय प्रचार यायेगु उजं नं थ्व हे अभिप्रायं याना बिज्यागु खः । थ्व हे अनुरूप थौं कन्हे बुद्धया श्रावक पिनिगु संघ बाहे क भिक्षु पिनिगु नेतृत्व उपासक पिनिगु संघ नं थ्व ज्यांया लागि तत्पर जुया च्वंगु दु । थ्व धात्थें शुभ लक्षण खः ।

नेपालय् नं बुद्धयागु शिक्षा प्रचार प्रसारया लागि विभिन्न संघ संस्था पाखें बुद्धयागु परियत्ति शासन, प्रतिपत्ति शासन अले, पटिवेध शासनयालागि कुतः याना च्वंगु नं दु ।

तर थ्व छगू बिडम्बना खः थुजागु महान उद्देश्य स्थापना जुइगु जुयाच्वंगु थ्व संस्थाया कार्यकर्ता पिनि दथ्वी चिची धंगु खँय् विभिन्न मत भेद यानाः संघ संस्थायात मल्वःगु वातावरण नं वयाच्वंगु भ्रीसं खना च्वनागु दु । गुकिंयानाः कर्पिन्त हित यायेगु उद्देश्य तयाच्वंपिं थःहे सहायतामा पात्र थें जुया च्वंगु दु । कर्पिन्त वासः याय् धकाः जुया च्वंपि थः हे रोगी जुईका उपचारया पात्र जुया च्वंगु दु । थुकिया मू कारणयात बाँलाक वालास्वत धाःसा संस्था दुने च्वंपिं मनूतय्गु निहित स्वार्थया तकराव थम्हं उगु संस्थाय् ज्या याना च्वनागु थाय् उद्देश्यं विचलित जुइगु स्वभाव बौद्ध संस्थाया मार्फत वइगु क्षुद्रलोभ लालचय् तक्यनेगु स्वभाव हे मू कारण धयागु स्पष्ट जुई । थुजागु विभिन्न मतभेद व तकरावया स्थिति मवय्क्यगु प्रमुख आवश्यकगु विषय खः । धर्म प्रति पूर्ण समर्पितगु भावना धर्मया मर्म बाँलाक थुइकेगु अभ्यास यायेगु । धर्मयात केवल Side Job थें तायकाः मनबहले यायेगुया रूपे हलुका रूपं मकायेगु यायेमाः थे च्वं । जिगु अनुभव व विचार ।

थथे धर्मया यथार्थता छु खः धका सीवं उकिया प्रति समर्पित जुइगु स्वभावं दै । थुजागु समर्पित भावना याइगु ज्या हे धात्थें प्रभावशाली जुइगु खँय् निगू मत जुइ मखु थे च्वं, धकाः जिं तायका ।

प्रत्येक बौद्ध संस्थायात थुकथं हे न्ह्याः वनेत जिं इनाप यासे भिंतुना दुनुगुलें निसें गर्भया स्वाँ ह्वयेकाः शुभकामना वियाच्वना ।

## धर्मप्रचार समाचार

### परियत्ति शिक्षा भवन समुद्घाटन



*गण महाविहारमा स्थापित परियत्ति शिक्षा भवनको शनिबार उद्घाटन गर्नुहुँदै संघनायक भिक्षु अश्वघोष*

*२०६९ चैत्र १७ शनिवार ।* गण महाविरको प्राङ्गणमा नव निर्मित "परियत्ति शिक्षा भवन" नेपालका जेष्ठतम् संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरबाट समुद्घाटन भएको समाचार प्राप्त भएको छ । २०६९ चैत्र १७ गते शनिबार सम्पन्न भएको उक्त कार्यक्रममा विहार प्रमुख भिक्षु सोभित लगायत विभिन्न महानुभावहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने भिक्षु महासंघवाट परित्राण पाठ पनि गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*जन्म :*
*बि.सं. १९८४ आश्विन २१ गते*

*दिवंगत :*
*बि.सं. २०६९ पौष ९ गते*

## दिवंगत ज्ञानशोभा तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य एवं यस विहारका स्थापनाकाल देखिका उपासिका **ज्ञानशोभा तुलाधर** २०६९ पौष ९ गतेका दिन दिवंगत हुनुभयो । उहाँको पुण्य स्मृतिमा सुगति कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।
साथै उहाँका सपरिवारले संसारको अनित्य दु:ख र अनात्म (त्रिलक्षण स्वभाव) लाई बुझी धैर्य धारण गर्न सकुन् भनेर कामना पनि गर्दछौं ।

**धर्मकीर्ति विहार परिवार**
श्रीघ: न:घ:, काठमाडौं, नेपाल ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*जन्म :*
*२००९ असार १६ गते*

*दिवंगत :*
*२०६९ चैत्र ९ गते*

## दिवंगत श्रीमती मोतिशोभा तुलाधर

दिवंगत श्रीमती मोति शोभा तुलाधर सुखावती भुवने बास लाय्मा धका: प्रार्थना यानापिं–

जहान : **कर्णबहादुर तुलाधर**

*म्ह्याय् – जिलाजं*
**प्रतिभ ा तुलाधर – गौतमधर तुलाधर**

*काय्पिं – भौपिं*
**प्रकीर्ण तुलाधर – अञ्जु तुलाधर**
**अरुण तुलाधर – रीजु तुलाधर**

*छ्यपिं :* **प्रबुद्धधर तुलाधर, प्रजुन, रुजेन तुलाधर ।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## बुद्धधर्मको विश्वव्यापीकरण

*२०६९ फागुन २६ गते, शनिवार*
*प्रवक्ता- त्रिरत्न मानन्धर*
*प्रस्तुती- राजभाइ तुलाधर*

भगवान बुद्धले बुद्धत्व प्राप्त गरिसके पछि केही हप्ता आफूले प्राप्त गरेको ज्ञानको गहन विश्लेषण गर्नुभयो । त्यसपछि वहाँले त्यो ज्ञानलाई आफैमा सिमित राख्नु भएन । बाँचुन्जेल निरन्तर त्यसको प्रचारमा लाग्नु भयो । आफ्नो अनुयायीहरू धेरै होस् मान सम्मान प्रसिद्धि मिलोस् भन्ने आकांक्षा राखेर आफुले अवबोध गरेको धर्मलाई प्रचार गर्नु भएको थिएन । लोकमाथि अनुकम्पा गर्दै सत्व प्राणीहरू प्रति असिमित करूणा राखेर बहुजनको हित र सुखको लागि वहाँले धर्मप्रचार गर्नु भएको थियो । त्यसवेला आजको जस्तो यातायातको साधन नभएको वेला सयौं माइल पैदल यात्रा गरेर नै विभिन्न राज्यको नगर, निगम, गाउँहरूमा पुग्नु हुन्थ्यो । आफ्ना शिष्यहरू योग्य भइ सकेपछ उनीहरूलाई पनि एक ठाउँमा एकजना मात्र पठाउनु हुन्थ्यो । ता कि बढी से बढी ठाउँमा धर्म पुगोस् । शुरूमा भगवान् सहित ६१ जना अर्हत भिक्षुहरूले विभिन्न वस्तीहरूमा गएर धर्मको प्रचार गर्नु भयो । पछि भिक्षु संघ ठूलो हुँदै गए पछि सबै योग्य भिक्षुहरू यत्र तत्र गएर धेरै ठाउँहरूमा धर्म प्रचार गरे । यसरी भगवानको जीवनकालमा नै बुद्धधर्मको विश्वव्यापीकरणको कार्य प्रारम्भ भयो ।

भगवान बुद्धको महापरिनिर्वाण भएको तीन महिना पछि महाकस्सप भन्तेको नेतृत्वमा प्रथम संगायना भयो । भगवानले ४५ वर्षसम्म दिनु भएको शिक्षालाई धर्म र विनयमा वर्गीकरण गरेर ५०० जना अर्हत भिक्षुहरूले त्यसलाई अधिकारिकता प्रदान गरे । १०० वर्ष पछि कालाशोकको पालामा धर्मलाई सूत्र र अभिधर्ममा छुट्याएर भगवानको मूल शिक्षालाई त्रिपिटक अर्थात् सूत्रपिटक, विनयपिटक र अभिधर्म पिटकको रूपमा संग्रह गरियो । २५० वर्ष पछि सम्रात अशोकको पालामा तेस्रो संगायना भयो । अशोकले श्रीलंका, लाओस, भियतनाम आदि समुद्रपारको देशहरूमा समेत अर्हत भिक्षुहरू पठाएर बुद्धधर्म फैलाए । श्रीलंकामा चौथो संगायना हुँदा त्रिपिटकलाई ताड् पत्रमा लेखाएर लिपिवद्ध गरियो । कनिष्कले पनि त्यही समयतिर महायानको संगायना गरेर प्रचार प्रसार गरे । त्यसलाई पनि चौथो संगायनको रूपमा लिइन्छ । पाँचौं संगायना मेण्डों राजाको पालामा बर्मामा भयो । त्यस संगायनामा त पुरा त्रिपिटकलाई ७२९ वटा संगमर्मरको शीलापत्रमा कुंडेर लेखियो । ती शीलापत्रहरू बर्मामा आज पनि सुरक्षित छन् । छैठौं संगायना पनि बर्मामा नै आजभन्दा ५५ वर्ष जति अघि महासी सयादोको अध्यक्षतामा सम्पन्न भयो । यी सबै संगायनाहरूले बुद्धधर्मलाई विश्वव्यापीकरण, गर्न ठूलो योगदान गरे । यसमा त्यस समयका राजाहरूको पनि ठूलो भूमिका रहे ।

बुद्धधर्मको आफ्नै किसिमको विशेषताहरूका कारण पनि विश्वव्यापीकरण बढ्दै गएको हो । यसमा जस्तो बौद्धिकता अरू धर्ममा पाईदैन । अरू सबै धर्म ईश्वर आश्रित छन् तर बुद्धधर्ममा मानिसलाई आफ्नो मालिक आफू नै हो भनिएको छ । बुद्धधर्मको सार चतुर्आर्यसत्य आर्यसत्यलाई सबैले रूचाएको छ । आल्वर्ट आइन्स्टाइन, वर्ट्राण्ड रसेल जस्ता महान वैज्ञानिकहरूले समेत बुद्धधर्मको प्रशंसा गरेका छन् । यसधर्मको ६ वटा विशेष गुणहरूको कारणले पनि विद्वत वर्गले यसलाई अरू धर्मलाई भन्दा बढी महत्व दिएको हो । बुद्धको शिक्षा सरल, समाजलाई मिल्ने खालको र मानवजीवन केन्द्रित छ । यसमा जाति भेद, वर्ण भेद छैन । नारीलाई सम्मान दिइएको छ । दलितलाई उपेक्षित गरिएको छैन । वर्तमान संसारको जागरणको श्रोत बुद्धको शिक्षा नै हो भन्दा अत्युक्ति नहोला ।

बुद्धको मूर्ति, चैत्य, स्मारकहरू संसारभरी नै व्याप्त छ । यसले पनि बुद्धधर्म प्रति आकर्षण बढाएको छ । बुद्ध शिक्षाको प्रमुख पातो ध्यान हो । बौद्ध ध्यान पनि अहिले संसारभरी फैलिएरहेको छ । महासी सयादो, सत्य नारायण गोयन्का जस्तो विशिष्ट व्यक्तित्वहरूको कारण संसारका थुप्रै मानिसहरूले विपश्यना ध्यान गर्ने अवसर पाएका छन् । दलाई लामाले पनि धेरैलाई ध्यान सिकाउनु भएको छ । यसरी ध्यानको कारणले पनि बुद्धधर्मको



Downloaded from http://www.dhamma.digital

विश्वव्यापीकरण बढीरहेकोछ । अमेरिकामा अहिले १० लाख बुद्धिष्ट छन् र प्रत्येक १० वर्षमा संख्या दोब्बर भइरहेको छ । युरोपमा दुइ करोड बुद्धिष्ट छन् भने अफ्रिकामा समेत दुइ लाख भन्दा बढी भइसकेको छ । एसिया त बुद्धको थलो नै भइहाल्यो ।

बुद्धको शिक्षाको विशिष्ट विशेषताहरूको कारणले नै बुद्धधर्म संसारमै फैलिरहेको हो, कुनै अनुचित प्रभाव अथवा बलले होइन । तर विडम्वना के भइरहेकोछ छ भने बुद्धको देश नेपालमा भने बौद्धहरूको संख्या पछिल्लो जनगणना अनुसार घटेको पाइएको छ । यसको कारण हुन सक्छ विभिन्न प्रलोभनमा पारेर अरू धर्मका अनुयायीहरूले, विशेष गरीकन ईसाइ धर्मावलम्वीहरूले धर्म परिवर्तन गराउनु । बुद्धधर्म विश्वव्यापीकरण भइरहेको वेला नेपालको कति ठाउँमा चाहीं स्थानीयकरण गर्न समेत पनि सम्स्या देखा परिरहेको छ । नेपाली बौद्धहरू सबै सचेत भएर एकजुत भइ अगाडि बढेन भने नेपालमा बुद्धधर्मको भविष्य त्यति उज्वल देखिंदैन ।

## धर्मदेशना सुनेको फल

*प्रवचक– संघनायक भिक्षु अश्वघोष*

यसदिन पूज्य भिक्षु अश्वघोषले प्रवचन दिनुहुँदै भन्नुभयो –

धर्मदेशना सुन्ने व्यक्तिहरू तीन प्रकारका हुन्छन्–

(१) प्वाल परेको भाँडोमा पानी थप्नेहरू जस्तै, एक थोपा पनि सम्झन नसक्ने व्यक्तिहरू

(२) बसिरहेको समयमा काखमा केही चीज राखी उठ्ने सबै त्यहीं खसालेर जाने व्यक्तिहरू जस्तै । धर्मदेशना सुन्दै रहे पनि एक कानले सुनेर अर्को कानबाट उडाएर पठाउने ।

(३) ढुङ्गामा कोरिएको अक्षर जस्तै । आफूले सुनेको ज्ञान पछि सम्म सम्झिराख्ने ।

*धर्मदेशना सुनेको फाइदा ५ वटा छन् –*

(१) नसुनेको कुरा सुन्न पाइन्छ ।

(२) सुनेको कुरालाई फेरि सुन्न पाउँदा ताजा अनुभव हुनेछ ।

(३) शङ्का निवारण हुनेछ ।

(४) ठिक तरिकाले बुझ्न सकिनेछ ।

(२) सुनेको कुरालाई फेरि सुन्न पाउँदा ताजा अनुभव हुनेछ ।

(३) शङ्का निवारण हुनेछ ।

(४) ठिक तरिकाले बुझ्न सकिनेछ ।

(५) चित्त शुद्ध भएको कारणले प्रसन्नताको अनुभव हुनेछ ।

*बुद्धकालिन घटना सम्झौं,*

जाडो महिनामा नदीको चीसो पानीमा एकाबिहानै थरथर काँप्दै पाप पखाल्न नुहाइरहने ब्राह्मण बाजेलाई पूर्णिका दासीले नदीको चीसो पानीमा डुबुल्की लगाउँदैमा पाप पखालिने होइन । चित्त शुद्ध भएमा मात्र पाप कर्मबाट बच्न सकिनेछ भन्ने ज्ञानवद्धले कुरा सुनेर बोध भएको थियो । यस कुराले ब्राह्मण बाजेको शंका निवारण भई मन प्रसन्न भएको घटना एकदम शिक्षाप्रद रहेको छ ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
## शनिवारिय कक्षा सञ्चालन प्रतिवेदन

*२०६९ चैत्र १७ गते*

*प्रस्तुत कर्ता- श्यामलाल चित्रकार*

धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना काल देखि हरेक शनिबार विहान भिक्षु, भिक्षुणी र बौद्ध विद्वानहरूवाट प्रवचन, तालिम तथा छलफल कार्यक्रम अटूट रूपमा सञ्चालन हुँदै आउनु धर्मकीर्ति विहारको गौरवको विषय हो । यस शनिबारिय कक्षाको उपादेयता गोष्ठीका सदस्यहरूले प्रत्यक्ष महसूस गरेका छन् र जीवनलाई सुखकर बनाएका छन् । तर लामो समयदेखि संचालन हुँदै आएतापनि यसको कमजोर प्रभावकारिता पनि महसूस नगरिएको होइन । यस शनिबारिय कक्षालाई बढी सार्थक र उपयोगी बनाउन तथा बढी सहभागीहरूलाई आकर्षित पार्न निम्न विषय सहित आफुलाई लागेको अन्य विषयमा राय सुझाव दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

१. आवासिय संघन तालिम
२. निश्चित विषयमा छोटो अवधिको दैनिक कक्षा
३. नयाँ सदस्यहरूलाई प्रारम्भिक बुद्ध शिक्षा
४. कक्षा सञ्चालकको चयन र सञ्चालकको प्रभावकारितामा अभिबृद्धी
५. विशेष वक्ताको लिखित लेख सहित विशेष प्रवचन
६. श्रोताहरूलाई विशेष आमन्त्रण
७. रिपोर्ट लेखन समिक्षा
८. रिपोर्टरहरूलाई वार्षिक भेलामा प्रोत्साहन
९. कक्षा कोठा र प्रविधिको प्रयोग
१०. अन्य



Downloaded from http://www.dhamma.digital

२०६८ साल चैत्र महिना देखि २०६९ साल चैत्र १० गते सम्ममा जम्मा ५४ वटा शनिबारहरू मध्ये चाडपर्व भ्रमण र अन्य कार्यक्रमहरूले गर्दा ६ वटा शनिबारहरूमा कक्षा संचालन भएन । बाँकी ४८ वटा शनिबारहरूमा निम्न श्रद्धेय भन्तेहरू, गुरुमांहरू र अन्य बौद्ध विद्वानहरूले निम्न कक्षाहरू लिनु भएको थियो ।

| *क्र.सं.* | *नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १) | श्रद्धेय संघनायक अश्वघोष महास्थविर | ९ |
| २) | श्रद्धेय शान्तमैत्री भन्ते | १ |
| ३) | श्रद्धेय अनुपमा गुरुमां | २ |
| ४) | श्रद्धेय कुसुम गुरुमां | १ |
| ५) | श्रद्धेय इन्दावती गुरुमां | ४ |
| ६) | श्री मदनरत्न मानन्धर | १२ |
| ७) | श्री देवकाजी शाक्य | १० |
| ८) | श्री श्यामलाल चित्रकार | ३ |
| ९) | श्री त्रिरत्न मानन्धर | २ |
| १०) | श्रीमती रीना तुलाधर | २ |
| ११) | श्रीबरदेश मानन्धर | १ |
| १२) | श्रीमती उर्मिला ताम्राकार | १ |
| | **जम्मा** | **४८** |

उहाँहरू सबै प्रवचक प्रवचिकाहरूलाई यस अध्ययन गोष्ठी परिवारले हार्दिक कृतज्ञता अर्पण गर्दछ । यस प्रकार निरन्तर सहयोगको लागि अपेक्षा गर्दछौं । श्रद्धेय भिक्षुणी इन्दावती गुरुमांको सक्रिय संयोजकत्वमा समय मै प्रवचक प्रवचिकाहरूलाई सम्पर्क राख्नु भई कक्षा संचालन हुन गइरहेकोमा उहाँ गुरुमांलाई धन्यवाद ज्ञापन गर्दछौं । साथै सहभागीहरूलाई चिया, जलपान तथा अन्य सहयोग गर्नेहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पीछ्क्वःगु दँ मुँज्या वा बार्षिक भेला

*२०६९ चैत्र १७ गते । स्थान- शाक्यमुनि कीर्ति विहार, सतुंगः प्रस्तुती- सुमित्रा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पीछ्क्वःगु दँ मुँज्या जूगु ज्याभ्वःलय् अमिर कुमारी शाक्यं लसकुसयाना दिईगु खः । पुण्यवती गुरुमांनं बुद्ध पूजा व धर्म देशना बियाः बिज्यागु खः । श्रद्धेय धम्मवती गुरुमांया आज्ञा पालना यासें सतुङ्गलय् धर्म प्रचारया निम्ति यक्व दुःख सियाः शाक्यमुनि कीर्ति विहार निर्माण यानागु थनी (१३) भिंस्वदँ दत धर्म प्रचारयाना च्वना धैगु नुगः खँ गुरुमानं प्वंकादिल ।

भोजन सिधयक्काः निगूगु चरणय् न्ह्याःगु ज्याभ्वलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दच्छियंकं नियमित रूपं भ्कायादीम्ह दुजः मय्जु केशरी शाक्ययात श्रद्धेय भिक्षु अश्वघोष महास्थविर पाखें सिरपाः लःल्हाय्गु ज्या जुल थीथी ज्याभ्वलय् संयोजक जुयादीपिन्त लुमन्ति चिं श्रद्धेय इन्दावती गुरुमां पाखें बिया बिज्यात । अथेहे थ्व हे दँय् नीस्वंगु "धर्मकीर्ति धम्मवती सम्मान" मिजं दुजःपाखें गोष्ठीया संस्थापक दुज बरदेश मानन्धरयात संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर पाखें सम्मान पत्र लःल्हायेगु ज्या जुल । मिसा दुःज पाखें धर्मकीर्ति विहार संरक्षण कोषया सचिव मीना तुलाधरयात पूज्य अश्वघोष भन्ते नं सम्मान पत्र लःल्हाना बिज्यात । श्रद्धेय इन्दावती गुरुमानं खादा क्वखाय्का सम्मान याना बिज्यात । थः सम्माननित जुया तसकं लय्ताः व थः मचाबले मां नाप ल्यू ल्यू जुया धम्मवती गुरुमांया उपदेश न्यनाः प्रभावित जुयाः थःनं तःक्वःमछि ऋषिणी जुयागु व लिपा थःम्हं हे नं ऋषिनी व श्रामणेर कार्यक्रम सञ्चालन यानागु न्ह्इपुगु अनुभवया नुगः खँ प्वंकाः दिल । बरदेश मानन्धरया म्हःसिकाधाःसा इन्द्र कुमार नःकर्मिं न्ह्योब्वया दिल । थुकुन्हु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक प्रतिवेदन नं थुकर्थ प्रस्तुत जूगु खः –

(१) अल्पकालिन श्रामणेर व ऋषिणी प्रव्रज्याया प्रतिवेदन – इन्दावती गुरुमां

(२) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक प्रतिवेदन – लोचनतारा तुलाधर

(३) शनिबारया कक्षा सञ्चालन व आर्थिक प्रतिवेदन – श्यामलाल चित्रकार

(४) "धर्मकीर्ति अश्वघोष सम्मान" व "धर्मकीर्ति धम्मवती सम्मान" या प्रायोजक दाता – प्राज्ञ रीना तुलाधर

मू पाँहाँ भिक्षु अश्वघोष महास्थविरं ओबाद उपदेश बिया बिज्यागु उगु ज्याभ्वलय् श्रद्धेय भिक्षु शान्ति मैत्री भन्ते नं उपदेश बिया बिज्यागु खः । उगु ज्याभ्वलय् संयोजक राम कुमारी मानन्धरं सकसितं धन्यवाद ज्ञापनयाना कार्यक्रम क्वचाय्का दिल । कार्यक्रम सञ्चालनयाना दीम्ह अरूण सिद्धि तुलाधर खः ।



Downloaded from http://www.dhamma.digital

# नेपाल बौद्ध परियत्ति शिक्षा परीक्षा परिणाम

धर्मकीर्ति विहार परियत्ति शिक्षा केन्द्र श्रीघःको तर्फबाट बौद्ध परियत्ति शिक्षा परीक्षा दिई उर्त्तीण भएका विद्यार्थीहरूको नामावली–

बुद्ध सम्बत् २५५६ (बि.सं. २०६९)

| क्र.सं. | पञ्जिका नं. | नाम | कक्षा | श्रेणी |
|---|---|---|---|---|
| १ | २६७५ | सुवण्णवती गुरुमां | कोविद | द्वितीय |
| २ | ३८७५ | वण्णवती गुरुमां | ९ | प्रथम |
| ३ | ३५७५ | उष्णीषतारा तुलाधर | ९ | द्वितीय |
| ४ | १११०९ | ताराशोभा स्थापित | ९ | द्वितीय |
| ५ | – | सबिता तुलाधर | ९ | द्वितीय |
| ६ | १३८१८ | सुमना गुरुमां | ८ | द्वितीय |
| ७ | २०२५५ | क्षान्तीवती गुरुमां | ८ | द्वितीय |
| ८ | २०२५५ | अमता गुरुमां | ८ | तृतीय |
| ९ | २०२५६ | अम्बिका श्रेष्ठ | ७ | द्वितीय |
| १० | ९१८४ | दीनाशोभा कंसाकार | ७ | द्वितीय |
| ११ | १३९८० | मणिवती गुरुमां | ६ | द्वितीय |
| १२ | १३९६७ | चन्द्रश्री गुरुमां | ६ | तृतीय |
| १३ | १३०३८ | सुखिता गुरुमां | ६ | तृतीय |
| १४ | १५५८७ | खेमिका गुरुमां | ५ | तृतीय |
| १५ | २०२५५ | अनिता मानन्धर | ४ | बोर्ड तृतीय |
| १६ | १८२७२ | अमिता मानन्धर | ४ | प्रथम |
| १७ | २०२५४ | इन्द्रकुमार नकर्मी | ४ | प्रथम |
| १८ | १५३३८ | आस्था बज्राचार्य | ४ | द्वितीय |
| १९ | २०२५८ | सरिता श्रेष्ठ | ३ | बोर्ड तृतीय |
| २० | १७०६० | पूर्णलक्ष्मी श्रेष्ठ | ३ | प्रथम |
| २१ | १९९१४ | सुचिता तुलाधर | ३ | प्रथम |
| २२ | २०२५७ | पूर्णिमा बज्राचार्य | ३ | प्रथम |
| २३ | १७०६७ | पल्पशा शाक्य | ३ | प्रथम |
| २४ | १८२७४ | एलिना शाक्य | ३ | प्रथम |
| २५ | १५५८६ | आभूषणमान सिंह तुलाधर | ३ | प्रथम |
| २६ | २०२५९ | स्वस्तिका रञ्जीतकार | ३ | प्रथम |
| २७ | १८२९० | पूष्प शोभा तुलाधर | ३ | प्रथम |
| २८ | १७०३५ | अमन रत्न कंसाकार | ३ | प्रथम |
| २९ | १७०५३ | अन्जिता कार्की | ३ | प्रथम |
| ३० | १७०५७ | तारा खड्गी | ३ | द्वितीय |
| ३१ | १७०४८ | कृपा खड्गी | ३ | द्वितीय |
| ३२ | १७०३६ | लसन तुलाधर | ३ | द्वितीय |
| ३३ | १७०३९ | रसिक तुलाधर | ३ | द्वितीय |
| ३४ | १७०३७ | सोभना खड्गी | ३ | द्वितीय |
| ३५ | १७०५१ | मनिषा पाण्डे | ३ | द्वितीय |
| ३६ | १७०३४ | सुरीत रत्न कंसाकार | ३ | तृतीय |
| ३७ | १७०५२ | दुर्गा शाहि | ३ | तृतीय |
| ३८ | १७०४० | रश्मिला तुलाधर | ३ | तृतीय |
| ३९ | १८२८५ | कीर्तिवती गुरुमां | २ | बोर्ड प्रथम |
| ४० | १७०५६ | कल्पनावती तुलाधर | २ | प्रथम |
| ४१ | १८२८० | नानी केशरी वज्राचार्य | २ | प्रथम |
| ४२ | १८२९५ | सलिल महर्जन | २ | प्रथम |
| ४३ | १८२९४ | प्रज्वल मान शाक्य | २ | प्रथम |
| ४४ | २०५०० | तिलक प्र. उपाध्याय | २ | द्वितीय |
| ४५ | १८२७७ | सविका महर्जन | २ | तृतीय |
| ४६ | १७०४६ | संगीता महर्जन | २ | तृतीय |
| ४७ | २०२६२ | विनिका स्थापित | १ | प्रथम |
| ४८ | २०२७२ | सहारा तिमिल्सिना | १ | प्रथम |
| ४९ | २०२६६ | प्रनिशा मानन्धर | १ | प्रथम |
| ५० | २०२६५ | शक्ति वज्राचार्य | १ | प्रथम |
| ५१ | – | सृष्टिना महर्जन | १ | प्रथम |
| ५२ | २०२७१ | गुनिता तुलाधर | १ | प्रथम |
| ५३ | २०२६० | न्हूजः मानन्धर | १ | प्रथम |
| ५४ | २०२६१ | श्रीजः मानन्धर | १ | प्रथम |
| ५५ | २०२६८ | सबिर प्रजापती | १ | प्रथम |
| ५६ | २०२६४ | सूरज तामाङ्ग | १ | प्रथम |
| ५७ | – | शान्ति शाहि | १ | द्वितीय |
| ५८ | २०२६३ | आशिस प्रजापत | १ | तृतीय |



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार — समाचार

### मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

*२०६९ चैत्र ७ गते ।    स्थान- मैत्री बोधिसत्व विहार ।*

यस दिन मैत्री बोधिसत्व विहार जमलमा कुसुम गुरुमांले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने उहाँले नै धर्मदेशना गर्नु भएको थियो । धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा जलपान व्यवस्था मिलाउनु भई पुण्य सञ्चय गर्नुहुने दाताहरू यसरी हुनुहुन्थ्यो–

दानकेशरी शाक्य, चिनीया देवी शाक्य, हरी वदन बज्राचार्य, मथुरा शाक्य, कमल देवी तुलाधर ।

### राष्ट्रिय ज्ञानमाला भजन खलःको हीरक जयन्ति सम्पन्न

*२०६९ चैत्र १७ गते शनिबार ।    स्थान- काठमाडौं ।*

राष्ट्रिय ज्ञानमाला भजन खलःको हीरक जयन्तीको उपलक्ष्यमा विभिन्न बाजागाजा सहितको हजारौं श्रद्धालु व्यक्तिहरूको समूहले बुद्धपूजा सहितको ऱ्यालि निकालिएको समाचार छ । उक्त कार्यक्रम अखिल नेपाल भिक्षु महासंघका संघनायक भिक्षु अश्वघोष महास्थविरले उद्घाटन गर्नुभई बुद्धशिक्षाको महत्व बारे मन्तव्य व्यक्त गर्नु भएको थियो । यसरी नै उक्त कार्यक्रममा ज्ञानमाला भजन खलः का महासचिव पूर्णकाजीज्यूले पनि भजन खलःको तर्फबाट बुद्धशिक्षा प्रचार प्रसार कार्यक्रम पुऱ्याइएको योगदान विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

### बुद्ध विहार धरान स्वर्ण महोत्सव

*२०६९ चैत्र २७-२९ ।    स्थान- बुद्ध विहार, धरान ।*

वि.सं. २०१८ सालमा स्थापना भएको "बुद्ध विहार धरान-८" ५० वर्ष पुगेको छ । यही उपलक्ष्यमा बुद्ध विहार धरान ८ परिवारले बुद्ध विहार स्वर्ण महोत्सव" मनाइएको समाचार छ ।

श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा मिति २०६९ चैत्र २७ गते देखि २९ गते सम्म आयोजित उक्त समारोहमा २८ गतेका दिन भिक्षु महासंघबाट पवित्र महापरित्राण पाठ सम्पन्न गरिएको थियो । २९ गतेका दिन बुद्ध विहार स्वर्ण महोत्सव स्तम्भ अनावरण र बुद्ध विहार स्वर्ण महोत्सव स्मारिका विमोचन, जेष्ठ नागरिक सेवासदन कार्यक्रम समुद्घाटन, स्वर्ण स्तम्भका जिन्सी दाताहरूलाई मायाको चिनो प्रदान, धरानबाट प्रव्रजित हुनुभएका भिक्षु, भिक्षुणी प्रव्रजित गुरुमांहरूलाई सम्मान र श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरलाई अभिनन्दन आदि कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

### मैत्रेय युवा संघको सोऱ्हौं स्थापना दिवस

*थथुवही, जयकीर्ति विहार, भक्तपूर ।*

मैत्रेय युवा संघ भक्तपुरको स्थापना भएको सोऱ्ह वर्ष लागेको उपलक्ष्यमा संघका अध्यक्ष तीर्थ राज वज्राचार्यको सभापतित्वमा वार्षिक उत्सव सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

प्रमुख अतिथि भिक्षु कोण्डञ्ञले उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा धर्मरत्न शाक्य, पद्मसुन्दर शाक्य, त्रिरत्न शाक्य, आदिले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थिए । कार्यक्रममा तिर्थराज वज्राचार्यले स्वागत मन्तव्य, संघका सचिव संचित बुद्धाचार्यले संघको वार्षिक प्रतिवेदन (२०६८/०६९) तथा आयव्यय विवरण प्रस्तुत गर्नु भएको थियो ।

प्रमुख अतिथी भिक्षु कोण्डञ्ञले बुद्धधर्मलाई अत्याधुनिक प्रविधि र मिडिया संगै अगाडि बढाउन सामना गर्नुपर्ने विचार प्रकट गर्नु भएको उक्त कार्यक्रममा रेणु त्वायनाले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

### दान गरेको आँखाको सफल प्रत्यारोपण

नगदेश बुद्ध विहारका उपासिका मध्यपुर थिमि नगर-५, त्वागाटोल, नगदेश निबासी बसल माया घजु ७९ वर्षको उमेरमा यही २०६९ चैत्र १८, रबिबार, ने.सं. ११३३ चिल्लागा-४, आइतबार दिवंगत हुनुभएको तिलगंगा आँखा केन्द्रका सहृदयी कल्याणभित्र शंख-नारायण त्वाय्नाको सहयोगमा परिवारजनको सहमतिमा उहाँका दुवै आँखा दान गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार उक्त दान गरेको आँखा मध्ये एउटा आँखा सिन्धुपाल्चोक जिल्ला निवासी २१ वर्षीय "दुलाल" थरको युवति महिलालाई सफल प्रत्यारोपण गरेको छ ।




Downloaded from http://www.dhamma.digital

# म्यानमार सरकारबाट प्रदान गरिएको बेग्लाबेग्लै पदवीले विभूषित हुनुभई भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षुणी धम्मविजया स्वदेश फिर्ता



*भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई म्यानमार सरकार तर्फबाट राष्ट्रपतिद्वारा अति विशिष्ट **"अग्ग महापण्डित"** पदवीद्वारा विभूषित गरिदै*



*भिक्षुणी डा. धम्मविजया **"गन्थवाचक पण्डित"** पदवी ग्रहण गर्नुहुँदै । म्यानमारका प्रधानमन्त्रीकी श्रीमतीबाट उक्त पद प्रदान गर्दै हुनुहुन्छ ।*

गत २६ मार्च २०१३ तदनुसार २०६९ चैत्र १३ गतेका दिन पूज्यपाद उपसंघनायक, विश्व शान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई म्यानमार सरकार धार्मिक मन्त्रालयले एक समारोहमा म्यानमारका राष्ट्रपतिको तर्फबाट अति विशिष्ट "**अग्ग महापण्डित**" पदवीद्वारा विभूषित गरिएको थियो ।

यसरी नै निर्वाणमूर्ति किण्डोल विहारकी प्रमुख भिक्षुणी डा. धम्मविजयालाई सोही दिन म्यानमार सरकार धार्मिक मन्त्रालयले म्यानमारका प्रधानमन्त्रीकी श्रीमतीको तर्फबाट "**गन्थवाचक पण्डित**" पदवीले विभूषित गरिएको थियो ।

म्यानमारका सम्माननीय राष्ट्रपति तथा प्रधानमन्त्री र उहाँहरूकी सपत्नीहरूको उपस्थितिमा म्यानमारको नेपितो सहरको उपशान्ति पगोडामा भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू उपस्थिति रहेको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

**"पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं"** अर्थात् पूजा गर्न योग्य व्यक्तिहरूलाई पूजा गर्नु पनि मंगल कार्य हो भनी भगवान बुद्धले मंगल सूत्रमा देशना गर्नु भएनुसार बुद्धकालिन समयमा पनि महिला पुरुष बीचको संकुचित मनले गरिने भेदभावलाई भगवान बुद्धले छेदन गर्नु भई भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई उनीहरूले धर्म अभ्यास कार्यमा पुऱ्याएको योगदानलाई कदर गर्दै एतदग्ग पदवीले विभूषित गर्नुहुन्थ्यो । त्यसरी नै हाल म्यानमार सरकारले आफ्नो देशमा मात्र नभई विदेशहरूमा रहेका धार्मिक व्यक्तिहरूले पुऱ्याउनुभएको योगदानलाई समेत कदर गर्दै भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरूलाई योग्य पदवीले विभूषित गर्दै आइरहेको छ । बुद्धकालिन समयदेखि चल्दै आएको यस मंगल कार्यलाई अनुसरण गर्दै हाल सम्म पनि यसलाई निरन्तरता दिइरहेको सराहनीय एवं प्रशंसनीय कार्य भएकोले यसलाई भविष्यमा पनि कायम राख्न सकोस् भन्ने कामना गरिएको छ ।

### त्रिरत्न भवन उद्घाटन सम्पन्न

*२०६९ चैत्र ३१ गते, शनिबार*

*स्थान- बुद्धभूमि महाविहार, स्थूल, टोखा*

बुद्ध भूमि महाविहारको नवनिर्मित त्रिरत्न भवन समुद्घाटन सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार नेपालका संघनायक पूज्यपाद श्रद्धेय भिक्षु अश्वघोष महस्थविरको प्रमुख अतिथित्वमा सम्पन्न उक्त समारोहमा बुद्धपूजा, धर्मदेशना, परित्राण पाठ, पूण्यानुमोदन, दानप्रदान एवं संघ भोजन आदि कार्यक्रम सम्पन्न गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# युवा कार्यदल समितिको वार्षिक साधारण सभा



*प्रणिधिपूर्ण विहार, बलम्बु स्थित युवा कार्यदल समितिको वार्षिक साधारण सभामा उपस्थित समूह*

*२०६९ फागुन १५ गते। स्थान- प्रणिधिपूर्ण विहार, बलम्बु*

अन्तर्राष्ट्रिय भिक्षुणी संघ अन्तरगत स्थापित युवा कार्यदल समितिले भिक्षाटन कार्यक्रम सञ्चालन गरिएको समाचार छ। २०६८ मंसिर १५ गते बलम्बुबाट प्रारम्भ गरिएको भिक्षाटन कार्यक्रमले हालसम्म १४ वटा स्थानहरूमा प्रव्रजित गुरुमांहरूले भिक्षाटन गरिसक्नु भएको कुरा बुझिन आएको छ।

वार्षिक साधारण सभा धम्मदिन्ना गुरुमांको सभापतित्वमा र सुख भन्तेको प्रमुख अतिथित्वमा सम्पन्न गरिएको थियो। कार्यदल समितिको संयोजिका ञाणवती गुरुमांले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा वर्षभरीमा भिक्षाटन कार्यक्रम सञ्चालन गर्दा आवश्यक व्यवस्था मिलाउनु हुने दाताहरूलाई भिक्षु सुखले साधुवादपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा युवा कार्यदल समितिका कार्यकारिणी सदस्य गुरुमांहरूले आ-आफ्नो जिम्मामा आएका कार्यभारहरू विषयमा प्रगति प्रतिवेदन यसरी प्रस्तुत गर्नुभएका थिए–

| क्र. सं. | प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुने गुरुमांहरू | विषय |
|---|---|---|
| १ | रुपशीला | प्रव्रजित गुरुमां हुँदा र प्रव्रजित जीवन त्याग्ने बेला पालन गर्नुपर्ने नियमावलीहरू |
| २ | धरणी | सुमनास्वास्थ्य कोष विषयमा जानाकारी |
| ३ | शुभा | आर्थिक प्रतिवेदन |
| ४ | अमरावती | ओवाद कार्यक्रम |
| ५ | जीनवती | भिक्षाटन कार्यक्रम |

यसदिन भिक्षु सुखबाट ओवाद देशना भएको थियो। यसको साथै उहाँबाट युवा कार्यदल समितिलाई रु. १०,३००/– रकम चन्दा सहयोग प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा धम्मदिन्ना गुरुमांले सभापतिको आसनबाट मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रम समापन गर्नुभएको थियो।

## कथावस्तुद्वारा उपदेशित अनुशान पुस्तक विमोचित

*२०७० बैशाख ७ गते, शनिवार*

*स्थान- निर्वाणमूर्ति, किम्डोल, स्वयम्भू*

यसदिन परमपूज्य महोपकारक महाशी सयादो महास्थविरद्वारा उपदेशित तथा पूज्य संघउपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा अनुवादित "कथावस्तुद्वारा उपदेशित अनुशासन" पुस्तक संघनायक भिक्षु अश्वघोष महास्थविरद्वारा विमोचन गरिएको छ।

भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा स्वयम्भूरत्न तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने भिक्षु कोण्डञ्ञ र सुवर्ण शाक्यले पुस्तकको समिक्षा गर्नुभएको थियो। कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षुणी धम्मविजयाले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो। अमृतमान ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा अगम्यरत्न कंसाकारले धन्यवाद व्यक्त गर्नुभएको थियो भने भिक्षु अश्वघोषले सभापतिको आशनबाट मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो। २६५ पृष्ठ समेटीएको उक्त पुस्तकको प्रकाशक भिक्षुणी डा. धम्मविजया हुनुहुन्छ। पुस्तकका दाता धम्मविजयाले उक्त पुस्तक सोही दिन उहाँका दिवंगत मातापिता र बाजे बज्यैको पुण्यस्मृतिमा धर्मदान गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

# चौथौं परियत्ति धम्मकप २५५६ राष्ट्रव्यापी बौद्ध हाजिरीजवाफ रनिङ्ग शील्ड प्रतियोगिता सम्पन्न

*२०६९ चैत्र २४–२८*

*स्थान- आनन्दकुटी विहार*

अमृत बौद्ध परियत्ति शिक्षालय एवं मातातीर्थ बौद्ध परियत्ति शिक्षालयको संयुक्त आयोजनामा एक मूल कमिटी खडा गरी उक्त कमिटीद्वारा चौंथौं परियत्ति धम्मकप २५५६ राष्ट्रव्यापी बौद्ध हाजिरीजवाफ रनिङ्ग शील्ड प्रतियोगिता सम्पन्न भएको समाचार छ।

प्राप्त समाचार अनुसार चैत्र २४ गते देखि २८ गतेसम्म आनन्दकुटी विहारमा सञ्चालित उक्त कार्यक्रममा जम्मा २२ वटा बौद्ध परियत्ति शिक्षा केन्द्रहरूले सहभागिता जनाएका थिए। ती मध्ये उपत्यका बाहिरबाटका परियत्ति केन्द्रहरू यसरी रहेका छन्–

- गौतमी विहार, लुम्बिनी बौद्ध परियत्ति केन्द्र, लुम्बिनी
- आनन्द विहार बौद्ध परियत्ति केन्द्र, तानसेन, पाल्पा
- लमजुङ्ग बौद्ध परियत्ति केन्द्र, लमजुङ्ग
- बोधिचर्या विहार, परियत्ति केन्द्र, काभ्रे, बनेपा

फाइनल प्रतियोगिता चैत्र २८ गतेका दिन सञ्चालन भएको थियो। उक्त प्रतियोगिता भिक्षु मैत्री महास्थविरको सभापतित्व एवं उपासक पद्मज्योतिको प्रमुख अतिथित्वमा सञ्चालन गरिएको थियो भने क्वीज माष्टर सञ्जीव शिल्पकार रहनु भएको थियो। यसरी नै निर्णायक मण्डलमा भिक्षु धर्ममूर्ति, अग्गञाणी गुरुमां, महेन्द्ररत्न शाक्य, त्रिरत्न मानन्धर र रीना तुलाधर रहनु भएको थियो।

यस हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमका संयोजक भिक्षु पियदस्सी हुनुहुन्थ्यो।

फाइनल प्रतियोगितामा सहभागी हुनुभएका परियत्ति केन्द्रहरूको नाम र उक्त केन्द्रहरूले प्राप्त गर्नुभएका प्राप्ताङ्क यसरी रहेका छन्–

| क्र. सं. | परियत्ति केन्द्र | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|
| १ | गौतमी विहार, लुम्बिनी परियत्ति केन्द्र | १५ | प्रथम |
| २ | मुनी विहार, परियत्ति केन्द्र, भक्तपुर | १३ | द्वितीय |
| ३ | आनन्द विहार परियत्ति केन्द्र, तानसेन, पाल्पा | १२ | तृतीय |
| ४ | विश्व शान्ति विहार, परियत्ति केन्द्र, नयाँ बानेश्वर | १० | चतुर्थ (सान्त्वना) |
| ५ | बेलुवन विहार, परियत्ति केन्द्र, थेचो | ८ | – |
| ६ | जितवन विहार, परियत्ति केन्द्र, थानकोट | ५ | – |

सुखी होतु नेपालले बि.सं. २०६२ मा पहिलो पटक राष्ट्रव्यापी परियत्ति धम्मकप शुरु गरी लगातार तीन वर्षसम्म क्रमशः दीपंकर परियत्ति शिक्षालय, नागबहाल, ल.पु., परोपकार विद्यालय काठमाडौं र गौतमी विहार लुम्बिनीले उक्त रनिङ्ग शील्ड जितेको थियो।

पाँच वर्ष पश्चात् हाल सञ्चालित उक्त प्रतियोगितामा पनि गौतमी विहार, लुम्बिनी परियत्ति केन्द्रले नै उक्त शील्ड पुनः प्राप्त गर्न सफल भएको छ। अर्को पटक पनि यसरी नै प्रथम श्रेणी हासिल गर्न सकेमा उक्त शील्ड स्वतहः नै गौतमी विहार लुम्बिनी परियत्ति केन्द्रको नै हुने कुरा थाहा हुन आएको छ।

प्रतियोगितामा प्रथम हुन सफल लुम्बिनी परियत्ति केन्द्रलाई रु. २० हजार नगद पुरस्कार प्रदान गरिएको छ भने दोस्रो हुन सफल मुनी विहार परियत्ति केन्द्रलाई रु. १५ हजार र तेस्रो हुन सफल आनन्द विहार परियत्ति केन्द्र, तानसेन पाल्पालाई रु. १० हजार नगद पुरस्कार प्रदान गरिएको छ। यसरी नै चौथो हुन सफल विश्वशान्ति परियत्ति केन्द्रलाई सान्त्वना पुरस्कार प्रदान गरिएको छ।

यसरी उपत्यका बाहिरका चार स्थानहरूबाट सहभागी हुनु भएका परियत्ति केन्द्रका प्रतियोगीहरूलाई खानपिन, बसोबास लगायत यातायात सुविधा विषयक सम्पूर्ण खर्च श्रद्धालु दाताहरूबाट ब्यहोरी पुण्य सञ्चय गरिएको कुरा थाहा हुन आएको छ।





Downloaded from http://www.dhamma.digital

# भिक्षा दान



*लुम्बिनी कोरियन विहार प्राङ्गणय् पालय् दुने भिक्षा भोजन यानाच्वना बिज्याःपिं धुताङ्गधारी भन्तेपिं*

*२०६९ चैत्र १२ गते*
*स्थान- लुम्बिनी*
*प्रस्तुती- अनुपमा गुरुमां*

थुखुन्हु १०० जवान धुताङ्गधारी थाई भन्तेपिन्त भिक्षा दान ज्याभ्वः क्वचाःगु जुल । भिक्षा दान बिज्यायेगु ज्याय् प्रमुख जुयाबिज्याःम्ह थाइ भन्ते फ्रा सामरोङ्ग धम्मधीरो खः । दँय् दसं नेपालय् बिज्याइम्ह वसपोल भन्ते न्हापां बिज्याःबले त्रिशुली सुगतपुर विहारे वर्षावास च्वना बिज्याःगु खः । वसपोल संघारामय् नं वर्षावास च्वनाबिज्याये धुंकल । उबले भिक्षाटन बिज्यानाः जक भपाः बिज्यात । वसपोल भन्तेनं जिपिं थाइलैण्ड वनावले माःगु तक्क गुहाली यानाबिज्याःगु खःसा खेमावती गुरुमांयात थाइलैण्डय् वनेत माःगु प्रबन्ध यानाः गुहाली याना बिज्याःम्ह नं खः ।

सच्छिम्हं धुताङ्गधारी भन्तेपिं बुद्धगयां निसें लुम्बिनी तक ३० न्हु विका न्यासि वया थ्यंकः बिज्यात । वसपोलिपिं नाप २० म्ह दातापिं नं रेखदेखया लागि ल्यूल्यू फाःगु खः । लुम्बिनी वसपोलपिं कोरियन विहारय् पालग्वयाः च्वना बिज्यात । जिमिं गौतमी विहारे च्वना अनहे नसा ज्वरे यानाः कोरियन विहारे भन्तेपिन्त भिक्षा दान याःवना ।

चैत्र १३ गते वसपोलपिं बसं कपिलवस्तु बिज्यात । बुद्धकालिन घटना कथं थुकुन्हुया दिनय हे भगवान बुद्ध प्रमुख मेपिं भन्तेपिं न्हिं छगू योजन न्यासि बिज्याना कपिलवस्तु थ्यंकः बिज्याःगु दिन जुयाच्वन ।

### झिंस्वक्वःगु ज्ञानमाला नव जागरण अभियान

*चिल्लाथ्व १, मंगलवाः*
*थाय्- नगां (किपु) लाछित्वाः*

नेपाल राष्ट्रिय ज्ञानमाला समितिका ग्वसाः व नगां ज्ञानमाला भजन खलः या (ने.सं.१११८) भिं व्यवस्थापनय् झिंस्वकःगु ज्ञानमाला नव जागरण अभियान के नायः प्रा. सुवर्ण शाक्यजुया नायः सुइ तः जिक सम्पन्न जूगु बुखँ दु । प्राप्त जूगु बुखँ अनुसार नगांया ९४ दँया स्थविर भिक्षु धर्मकीर्तिजुया मूपाहाँसुइ वसपोलया संमुख पंचशील प्रार्थना, बुद्धपूजा, नगां ज्ञा.भःखया ८४ दँया संरक्षक



Downloaded from http://www.dhamma.digital

नरबहादुर महर्जन सहित नीन्याम्हेसिनं कथहं बोधिमत च्याकेगु ज्या जुल ।

नगां ज्ञानमाला भजन खलः पाखें ज्ञानमाला भजन, चर्चित लोकंह्वाःम्ह गायिका रीता महर्जनया सःलय् सन्तोष महर्जन पाखें लय् (संगीत) चिनादीगु "बुद्ध झन्डा" सम्बन्धि न्हूगु बुद्ध भजन (म्ये) नं न्ह्यब्वया दीगु जुल । "विश्व बौद्ध एकता" शिर्षकया भजन म्ये न्यनाः सकल सहभागिपिंपाखें अतिकं सन्तोष प्वंकादीगु जुल ।

ने.रा.ज्ञा.स. या के. महासचिव रमना श्रेष्ठजुं ज्याभ्वः न्ह्याकादीगुलिइ सल्लाहकार प्रमुख शान्तरत्न शाक्यजुं लसकुस, विश्वराज महर्जनपाखें नगां ज्ञानमाला प्रतिवेदन, हेरा डंगोलजु पाखें अभियाना ज्याभ्वः ताः लाकेत ग्वाहालि याना दीपिनिगु ग्वाहालि सहितया नां धलः न्ह्यब्वया दीगु उगु ज्याभ्वलय् ने.रा.ज्ञा.सया वरिष्ट उपाध्यक्ष किरण कुमार जोशीजुं सुभाय् देछाना दिल ।

स्वसलं मल्याक सहभागिपिसं ब्वतिकाःगु अभियान ज्याभ्वलय् नगां ज्ञा.भ.पाखें नगां भ्वय् छैंय् जलपान भोजन याका दीगु जुल ।

ज्याभ्वः क्वचाय्का थीथी ज्ञानमाला भजन खलः पाखें सनिलय् तक भजन हालेगु ज्या न्ह्यानाच्वंगु जुल । भिंप्यक्वःगु ज्ञानमाला नव जागरण ज्याभ्वः मेगु लाय् जुइ ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*दिवंगत :*
*वि.सं. २०६९/१२/१०*
*(एकादशी)*

*जन्म :*
*वि.सं. १९७०/१०/५*
*(तृतीया)*

# दिवंगत संखरत्न शाक्य

शाक्यमुनि विहार, टक्सार ५ भोजपुरका सत्जीवि उपासक एवं यस समाजका जग्गादाता दीर्घजीवि श्रद्धेय श्री संखरत्न शाक्य, सय वर्षको उमेरमा आकस्मिक निधन हुनुभएको ४५ औं पूण्यतिथिमा उहाँको पारलौकिक जीवनको सुगति कामना सहित निर्वाण पद लाभको लागि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवार प्रति अनित्य स्वभाव धर्मलाई साक्षात्कार गर्न सक्ने क्षमता प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

## भोजपुर टक्सार शाक्य समाज

ललितपुर, नेपाल ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो॥



# मदुम्ह इन्द्रमाया मानन्धर

*( जन्म : बि.सं. १९९८ कार्तिक २ गते – मदुगु दिं : वि.सं. २०६९ फागुन २९ गते )*

जिमि तिरिमय्जु **इन्द्रमाया मानन्धर** २०६९ फागुन २९ गते आकाभ्काकां मदुगुलिं मदुम्हसित निर्वाण कामना यासें सुखावती भुवनय् वास लाय्मा धकाः पुण्यानुमोदन याना च्वना।

*जहान :* **भक्त मानन्धर**

*म्ह्यायपिं – जिचा भाजुपिं*

**लक्ष्मी मानन्धर – टंक प्रसाद मानन्धर**

**जमुना मानन्धर – प्रकाश मानन्धर**

*छय्पिं :*

**प्रदीप मानन्धर, प्रविन मानन्धर, प्रगती मानन्धर, प्रिन्स मानन्धर**

बाँख्योः टोल, बनेपा।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




म्यानमारको रंगुनमा स्थापित स्वेदगों पगोडा
(भगवान् बुद्धको ८ वटा केशधातु स्थापना गरी बनाइएको चैत्य)

वर्ष-३०; अङ्क-१२

बु.सं. २५५६, ल्हुति पुन्हि

Downloaded from http://www.dhamma.digital

## श्रीलंका भ्रमण




*श्रीलंका भ्रमण क्रमय् यात्रीपिं नाप केशावती गुरुमां*

*प्रस्तुती- भिक्षुणी केशावती*

फागुण १३ गते निसें २६ गते तक्क वसपोल गुरु भिक्षुणी धम्मवती गुरुमांया अनुमति कयाः जि केशावती गुरुमांया नेतृत्वय् व उद्योगरत्न तुलाधरया सहयोगं श्रीलंका भ्रमण क्वचाल । जिपिं वनापिं भिंखुम्ह दु ।

श्रीलंकाय् चाहिला वयागु थायत थुकथं खः ।

कलुतर, कन्देविहार, गांलफोर, देवउन्डरा, वेउराकाण्ड किरीन्डा, कतरगम, तिस्समहाराम विहार, मयोङ्गन, कोनेस्वरनिलवेली बीच, मिहितले, अनुराधापुर (संघमित्ता गुरुमांनं बोधिवृक्ष तयाबिज्यागु थाय्) सिग्रिय, दाम्वुल, मातले, मातर अलुविहार, क्यान्दि (दन्त धातु) नुवोरा ऐलीया, सीता ऐलीया सिरीपाद, गंगाराम विहार, क्यालनी विहार, गोलफेस् इत्यादि ।

नेपाःया वजीर श्री भन्तेनं श्रीलंका च्वंतले दक्को जिम्मा कयाः गुहालि याना बिज्यात अथेहे कुसल भन्ते, उदित भन्ते, जयन्तो भन्ते नं यक्व गुहालि याना बिज्यात । वसपोलपिं सकसितं धर्मकीर्ति विहारया तिर्थयात्रा कमितीया पाखें साधुवाद देछाःगु जुल । यात्राया क्रमय् छन्हु बौद्धाराम विहार तलवतगोड विहारे नेपालं अध्ययन याना बिज्याना च्वंपिं भन्तेपिं व गुरुमांपि ६० जना यात धम्मवती गुरुमांया याकनं निरोगी, दिर्घायु ज्वीमा धकाः श्रीलंका वनापिं समूह पाखें भोजन दान याःगु जुल ।

# विश्व बौद्ध एकता

**✍ शान्तरत्न शाक्य**

बुद्धया म्हं पिज्वगु रश्मि, बुद्ध झन्डाया शोभा ।
विश्व न्यंकया बौद्ध एकता, ब्वयेगु थ्व झण्डा ॥
बुद्ध बूगु भूमि लुम्बिनी, विश्व शान्तिया लुखा ।
थःत म्हसिकाः सुख सीगु, लँपु क्यनीम्ह शास्ता ॥
शरण वनेगु थःगु हे, मखु वनेगु कतः या ।
थःगु बोधिजः थःजुया, जुइगु थःया थः थुवाः ॥
थःगु कुतलं लानाः संबोधि, पूजा यात न्हय्वाः ।
बुद्धया म्हं प्यवाः दुखुन्हु पिज्वल रश्मि न्याता ॥
बुद्धया केश वँचुगु ऊँ, म्हासुगु ऊँ शरीरया ।
ह्याउँगु उँ हि जीवया, अस्थी तुयुगु बुद्धया ॥
सियुगु खः तथागतया, नुगः ऊँ करूणाया ।
कथहँ भ्वः छुकाः न्याताउँ, तःगु झन्डा श्रद्धाया ॥
न्यँमिपिंत बिन्ति दु, थुगु नव अभियानया ।
वँचुग ऊँ च्वय् लाकाः ब्वयेके बुद्ध झन्डा (सदा) ॥

# राहुलं काःगु अंश

**✍ आनन्द सिद्धि तुलाधर**

तथागत शास्तायाके छें, बुं व वैभव छुं छुं हे मदये धुंकल
धइगु सिइक सिइकं राहुलमातानां कायकेछ्वत अंश ।
बुद्धजुयाः थःगु लाछिइ वम्ह थःम्ह अबुजुया चरणस ।
मामं स्येनाछ्वः थें वन राहुल कायेत अंश भाग ।

थथ्याः क्वथ्याः लँ कष्टपूर्ण जूसां यानाः धैर्य धारण
वन अबुया ल्यू ल्यू उसिमचास्ये, गन तक यंकल अन तक ।
बुद्ध-रश्मिं खःलिसे ब्याक्कं लँ तप्येनाः जुयाबिल सरल
बोधि-अंश प्राप्त यायेत राहुलयात जुल मार्ग प्रशस्त ।

उबलय् राहुलं थः अबुयाके काःगु अंशया ज्वःमुदुगु सम्पदा
थौं नं ल्येनाच्वंगु दु विश्वय् न्यंक विश्व-सम्पदा जुयाः ।
बुद्ध-जन्मभूमि नेपाःया सकल जनजन हकदार खः उगु अंशया
व बिपुल हक खः कथं छ्येलाः जुयेनु नेपाः व नेपाःमिपिं धन्य ।

Downloaded from http://www.dhamma.digital